# अध्याय - एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव सभ्यताको विकास सँगसँगै आफ्नो जीवनयापनलाई सहज बनाउन कृषि पेशालाई अवलम्बन गर्ने क्रममा पशुपालन व्यवसाय गर्ने कार्य समाजको क्रमिक विकाससँगै आएको पाइन्छ । आदिम मानवले आफ्नो आहाराका लागि उपयोग र सङ्कलन गरेका चिजबाट नयाँ ज्ञान सिक्दै गए, उपयुक्त भू-भागमा स्थायी बसोबास गरे, जहाँ उनीहरूले उत्पादनका लागि आफूले संकलन गरेका अन्न-फलफूलको बिऊ रोप्न र पशुपंक्षि पालन गर्न सिकेका थिए । यही बाट नै कृषि तथा पशुपालनको सुरुवात भएको पाइन्छ । नेपालको जनसङ्ख्याको ठूलो हिस्सा अझै पनि आय र रोजगारीका लागि कृषि क्षेत्रको सर्वोच्च योगदान रहेकोले कृषि क्षेत्रको विकास विना दिगो विकास सम्भव छैन भन्ने तथ्यलाई आत्मसाथ गरेर विगतका योजनाहरूले यस क्षेत्रलाई उच्च प्राथमिता दिइएको पाइन्छ । कृषि उत्पादन एवम् यसमा रोजगारीका अवसरहरू वृद्धिका माध्यमबाट गरिबी न्युनीकरण गर्ने उद्देश्यले दीर्घकालीन कृषि योजना समेत सञ्चालनमा रहेको छ (आर्थिक सर्वेक्षण, २०६४ॐ६५:१२०) ।

कृषि सँगसँगै पशुपालन नेपालको एउटा मुख्य पेशा हो । बहुसङ्ख्यक नेपाली जनसङ्ख्या कृषि पेशामा काम गर्दछन् । हाल नेपालमा बाख्रा, गाई, भैसी, कुकुर, कुखुरा, सुगुर आदिको व्यवसायिक रुपमा पालन गरिएको छ । पशुपालनको मुख्य उत्पादनमा घ्यू, दुध, मासू र ऊन पर्दछन् । नेपालको परिपेक्ष्यमा दुध र मासू जन्य उत्पादन नै पशुपालनमा मुख्य रुपमा गरिदै आएको छ । नेपालबाट ऊन भारत र अन्य विभिन्न विदेशी देशमा निर्यात हुन्छ । नेपालमा बुनेको गलैंचा यूरोप अष्ट्रेलिया लगायतका विभिन्न विदेशी देशहरूमा उच्च मूल्यमा निर्यात हुन्छ । नेपालमा अहिलेको फष्टाउदो व्यापार भनेको दुधजन्य उत्पादन हो । नेपालमा पशुपालनको क्षेत्रमा भर्खर भर्खर मात्रै आधुनिक उपकरणको प्रयोग गर्ने क्रम शुरु भएको छ । त्यसैले पशुपालन व्यवसायको भविष्य उज्जल छ । दुध, मासू र अण्डा पशुपालन व्यवसायको मुख्य क्षेत्र हुन् । कुखुरापालन व्यवसाय देशभर गरिदै आइएको छ, यसका साथै

उन्नत जातका जनावरहरूको उत्पाहन र बिक्री पनि फष्टाइरहेको छ । अरू जनावरको माझ गाई धेरै लोकप्रिय जनावर हो, किनकी नेपालमा यसको धार्मिक र आर्थिक महत्व छ ।

नेपालमा पशुपालनको अनुपात हेर्दा प्रति परिवार ५.८ वटा जनावर पर्दछन् । जुन अनुपात एसियाकै सबैभन्दा बढी हो । नेपाल सरकारको तथ्याङ्क अनुसार ८६! मानिसले कुनै न कुनै रुपमा घरमा जनावर पालेको देखिन्छ । यति हुँदा पनि नेपालको कृषिजन्य उत्पादन दक्षिण एसियामा सबैभन्दा कम र हालका वर्षमा स्थिर देखिन्छ । अर्थ र कृषि विकास मन्त्रालय र एक दर्जन भन्दा बढी दातृनिकायले गरेको अनुसन्धानले के देखाउँछ भने पशुपालनमा देखिएका मुख्य समस्या भनेको पशुहरूको उत्पादनमा नै कमी हुनु हो । नेपाल सरकारको तथ्याङ्क अनुसार जम्मा १०! देखि २०! पशुपालन मात्रै व्यवसायिक रुपमा गरिएको छ । अन्य पालन परम्परागत रुपमा चलिआएको प्रणाली अनुसार नै गरिएको पाइन्छ । जसको मुख्य कारण भनेको सरकारले ७७ वटै जिल्लामा पशुसेवा कार्यालय खोले तापनि यसको पहुँच जम्मा १५! कृषकको घरमा मात्र पुगेको देखिन्छ (नेपाल कृषिविकास रणनीति, २०१२) ।

नेपालमा अधिकांश मानिसहरू ग्रामीण क्षेत्रमा बसोबास गर्दछन, जुन कूल जनसङ्ख्याको ८३! हुन आउँछ । ग्रामीण क्षेत्रका मानिसहरूको मुख्य पेशा भनेको कृषि हो । जुन कृषि प्रणाली पशुपालनमा आधारीत देखिन्छ । त्यसैले नेपालको विकासको कुरा गर्दा ग्रामीणा क्षेत्रको विकासलाई मुख्य प्राथमिकता दिनुपर्दछ । ग्रामीण क्षेत्रको विकासका लागि स्थानीय स्तरमा अवलम्बन गरिएका परम्परागत पेशा आधुनिकीकरण गरी व्यवसाय उन्मुख बनाउनु हालको मुख्य चुनौती हो । निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रुपान्तरण गरी दिगो विकासको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउनु कृषि क्षेत्रको दीर्घकालीन दृष्टिकोण हो । खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृषि उत्पादन तथा उत्पादकत्व बढाउने प्राकृतिक स्रोत, वातावण र जैविक विविधताको संरक्षण, सम्बर्धन एवं सदुपयोग गर्न आवश्यक देखिन्छ ।

पशुपालन गर्ने परम्परा प्राचीन कालदेखि चलिआएको भएतापनि मानिसहरूमा पशुपालन पनि एक व्यवसाय हो, यसबाट अन्य क्षेत्रको तुलनामा बढि फाइदा हुन्छ । दुधजन्य र मासूजन्य पदार्थको सेवन स्वास्थ्यबर्धक पनि हुन्छ भन्ने कुराको बोध नभएर विगतमा पशुपालनले व्यवसायिक रुप लिन सकेको थिएन । सरकारले देशको आर्थिक विकासमा ठोस

रुपले मद्दत गर्न थालेकोले पशुपालन विकासका लागि हालका वर्षमा केही काम गर्दै आएको र ग्रामीण कृषकहरूमा पशुपालनले व्यवसायिक रुप लिन थालेको छ। यसै सन्दर्भमा पोखरा लेखनाथ महानगरपालिका वडा नं. १९ स्थित घार्मी क्षेत्रमा व्यवसायिक पशुपालनको अभ्यास बढ्दो रुपमा पाइएकोले त्यसको प्रभाव अध्ययन गर्न यो शोध कार्य गरिएको हो।

## १.२ समस्याको कथन

मानिसहरूको शारीरिक विकासको लागि दुधजन्य पदार्थ र मासूजन्य पदार्थको महत्वपूर्ण भूमिका हुन्छ। जसको अभाव र निरन्तर उपयोग नगर्नाले मानिसहरू कुपोषणको शिकार भइरहेका छन्। नेपालको बढ्दो जनसङ्ख्या र त्यसले गरेको बढ्दो खाद्य पदार्थको मागलाई देशको आन्तरिक मागले धान्न नसकी छिमेकी राष्ट्र भारतबाट थुप्रै परिमाणमा खाद्य पदार्थ आयात गरिन्छ। व्यापार असन्तुलनको विभिन्न कारण मध्ये यो पनि एक प्रमुख कारण हो। पशुपालनको महत्व हर क्षेत्रमा उच्च छ। स्वास्थ्यबर्दक, पवित्र र उच्च  स्तरिय खाद्य वस्तु तथा कृषि क्षेत्रमा प्रयोग हुने अर्गानिक मल पनि पशुपालनको क्षेत्रबाट नै प्राप्त हुन्छ। यसको सम्भावना र तुलनात्मक लाभ अनुरुप जति व्यापक रुपमा विस्तार र शारीरिक आवश्यकता अनुरुप उपभोग गर्नुपर्ने हो, सो हुन सकेको छैन। यसो हुनुमा पशुपालनको क्षेत्रमा काम गर्ने दक्ष जनशक्ति नहुनु, व्यवसायिक रुपमा पशुपालन नगर्नु, उन्नत खालको पशु प्रजनन केन्द्रको अभाव, बजार व्यवस्थापन कमजोर हुनु आदि पर्दछन्। साथै मानिसहरूले पशुपालनबाट प्राप्त खाद्य वस्तुको पौष्टिक र आर्थिक महत्व नबुझ्नु पनि यसको व्यवसायिकीकरणको लागि बाधक तत्व हो।

अन्य कृषि क्षेत्रका तरकारी बाली अन्न बाली, फलफूल बाली आदिको तुलनामा बढी उत्पादन र लाभ लिन सकिने नगदेबालीका रुपमा पशुपालन व्यवसायलाई लिइन्छ भने अर्कोतिर किसानले उचित मूल्यमा नपाउनु अज्ञानताबस हानिकारक औषधिको प्रयोग गर्नु, परम्परागत रुपमा पालिदै आएका जानावरको पालन गर्नु, आदि कारणले सामाजि, आर्थिक, वातावरणीय र स्वास्थ्य सम्बन्धी नकरात्मक प्रभाव पर्ने देखिन्छ (बेलडागी, २०१३)।

कुखुरा (ब्रोइलर तथा लेयर्स) को सन्दर्भमा मूलुक करीब-करीब आत्मनिर्भर भइसकेको देखिन्छ तर अन्य पशुहरूमा आत्मनिर्भर हुन नसके पनि दिनप्रति दिन पशुपालन व्यवसायको आकार वृद्धि भइरहेको छ। तर पनि प्रतिवर्ष अरबौको पशु तथा पशुजन्य पदार्थ आयात गर्ने

गरेको तथ्य रहि आएको छ । यस अवस्थामा नेपालको पशुपालनलाई कसरी दिगो व्यवसायमूलक पेशाको रुपमा विकास गर्न सकिन्छ भन्ने कुरा प्रमुख रहेको छ । नेपालमा पशुपालन व्यवसाय फष्टाउन नसक्नुका विविध कारणहरू छन् । जसमा सर्वप्रथम दिगो पशुपालन व्यवसाय सञ्चालन गर्न समय सापेक्ष पशुपंक्षी पालन सम्बन्धी नीतिगत व्यवस्था हुन नसक्नु हो भने व्याप्त गरिबीका कारण पशुपालन व्यवसायमा लागनी गर्न नसक्नु, सेवा प्रवाहमा प्रक्रियामुखी व्यवस्थाले सर्वसाधारणको पहुँच नपुग्नु, जिम्मेवार सरकारी निकायहरूले आफ्नो दायित्व पूरा गर्न नसक्नु, प्राविधिक सरसल्लाहका लागि पर्याप्त जनशक्तिको व्यवस्था नहुनु, विभिन्न सरुवा रोगहरूको जोखिम हुनु, उन्नत र बढी उत्पादनशील पशु उत्पादन गर्न नसक्नु, सुलभ ब्याजदरमा कृषकलाई ऋण उपलब्ध नहुनु, आयोगको लगानी पहुँचवालामा मात्र सिमित हुनु, सेवा प्रदायक संस्थाहरूले समयमा सुविधा उपलब्ध हुन नसक्नु, सरकारको कमजोर वर्गका कृषकहरूका लागि निशुल्क औषधी उपचारको व्यवस्था गर्न नसक्नु आदि जस्ता विविध समस्याका बाबजुद नेपालामा पशुपालन क्षेत्र सुस्त गतिमा अघि बढिरहेको छ । जसका लागि नेपाल सरकारले दीर्घकालीन योजना बनाएर गुणात्मक र परिणाममुखी नतिजामा जोड दिँदै पशुपालनमा आवश्यक नीतिगत सुधार विभिन्न सहुलियतका बारेमा पनि व्यवसायिक पशुपालन गर्ने कृषकलाई चेतना जगाउन आवश्यक रहेको छ (बोहरा, २०१७) ।

हाम्रो मूलकको भौगोलीक अवस्थिति र हावापानीको विविधताका कारण विभिन्न क्षेत्रमा विभिन्न पशुपंक्षी व्यवसायिकता फस्टाउन सकिने कुरामा दुईमत छैन । सरकारले अहिले ल्याएको एक गाउँ एक प्रविधिको नीतिलाई जतिसक्दो छिटो जनताको गोठ-गोठमा पुऱ्याउन आवश्यक छ । जसका लागि सरकार राजनीतिज्ञ, बुद्धिजीवी, नेता, कार्यकर्ता लगायत कृषकहरू सबैको हातेमालो हुन जरुरी छ । पशुपालन क्षेत्रका बाधा व्यवधानहरूलाई हटाई विविध सम्भावनाहरूको खोजी गरी पशुपालनको क्षेत्रबाट मूलुकलाई आवश्यक पशु तथा पशुजन्य पदार्थ माथि आत्मनिर्भर बनाउदै अन्तर्राष्ट्रिय मापदण्ड बमोजिमको गुणस्तर कायम गरी निर्यात प्रबर्द्धन गर्न सक्नु नै पशुपालनको मुख्य चुनौती हो । यस्ता विभिन्न कारणले पशुपालनले स्थानीय समुदायलाई विभिन्न प्रकारको प्रभाव पारेको पाइन्छ । त्यसकारण यो अध्ययन निम्न समस्याहरूमा केन्द्रीत छ ।

१. अध्ययन क्षेत्रका कृषकहरू पशुपालन तर्फ आर्कीषित हुनुमा सामाजिक कारण के हुन सक्छन् ?

२. व्यावसायिक पशुपालन उत्पादनले ग्रमीण कृषकको जीवनशैलीमा कस्तो प्रभाव पारेको छ ?

३. पशुपालनले कृषकको सामाजिक, आर्थिक जीवनस्तरमा कसरी रुपान्तरण भएको छ ?

## १.३ अध्ययनका उद्देश्यहरू

यस अध्ययनका उद्देश्यहरू निम्न अनुसारका छन् ।

१. यस क्षेत्रका कृषकहरू पशुपालन तर्फ आकर्षित हुनुका कारणहरू पत्ता लगाउने ।

२. पशुपालनले कृषकको सामाजिक, आर्थिक, जीवनस्तरमा आएको परिवर्तन पत्ता लगाउनु ।

## १.४ अध्ययनको महत्व

पशुपालनले कृषिको कूल ग्राहस्थ उत्पादनमा २८! र मूलुकको कूल ग्राहस्थ उत्पादनमा ११! भाग ओगटेको छ । यसकारण पनि पशुपालन क्षेत्र मूलुकको आर्थिक विकासको हिस्सेदार रहेको छ । नेपालमा धेरै जुसो भू-भाग पहाडी उच्च पहाडी तथा हिमाली क्षेत्रले ओगटेको छ । जहाँ प्रशस्त मात्रमा पशुपालनको लागि आवश्यक चरण क्षेत्र रहेको हुँदा पशुपालन व्यवसाय हाम्रो जस्तो अल्पविकसित मूलुकका लागि निकै परिचित भइरहेको छ । यसबाट सरकारको सन् २०२२ सम्ममा मूलकलाई विकासशील राष्ट्र बनाउने लक्ष्य हासिल गर्न निकै सहयोग पुग्नेछ । भने नेपालको राष्ट्रिय समस्याको रुपमा रहेको पोषणको कमीबाट हुने बाल तथा मातृ मृत्युदर कम गर्न समेत यो व्यवसायले अहम् भूमिका खेल्न सक्छ ।

हाम्रो मूलुकमा धेरैजसो किसानहरू पशुपालनलाई केवल जीवन निर्वाह र आफ्नो घरयसी आवश्यकता परिपूर्ति गर्नका लागि मात्र पशुपालन गर्ने गरेको पाइन्छ भने हालका पछिल्ला दिनहरूमा आएर केही पूँजीवाला लगानी गर्न सक्ने खालका व्यवसायिहरूले पशुपालनलाई व्यवसायिक हिसाबले गर्न थालेको पाइन्छ ।

कृषि क्षेत्र अन्तर्गत पशुपालन व्यवसायलाई एक महत्वपूर्ण नगदेबालीको रुपमा हेरिन्छ । यस पेशाले ग्रामीण भेगका युवा युवतीलाई समेत प्रत्यक्ष वा परोक्ष रुपमा रोजगारी दिएको छ । कृषकका लागि पशुपालन एक महत्वपूर्ण विषय हो । यस क्षेत्रमा पशुपालन पूर्व र पछि कृषकका आर्थिक र सामाजिक जीवनमा आएको परिवर्तन बुझ्नका लागि यस अध्ययन उपयोगी हुनेछ । यिनै विषयवस्तुको सेरोफेरोमा पशुपालनको महत्व आँकलन गर्न सकिन्छ ।

## १.५ अध्ययनको सीमा

कुनै पनि कार्य गर्दा निश्चित घेरा भित्र रहेर गर्नु पर्दछ । घेरा बाहिर गयो भने उद्देश्यलाई लक्ष्यमा पुऱ्याउन सकिदैन । त्यसकारण कुनै वस्तुको अध्ययन गर्दा सिमान्नन तोक्नुपर्ने हुन्छ । सीमाको निर्धारण गर्नुको मुख्य कारण समग्रमा सम्पुर्ण पक्षको अध्ययन गर्न नसक्नुको साथै समय र आर्थिक स्रोतको खाँचोले गर्दा नै हो त्यसैले यो अनुसन्धान कार्यमा पनि निश्चित सीमाभित्र मात्र यसको परिणाम र निष्कर्ष स्वीकार योग्य हुन्छ । यो अध्ययन गण्डकी अञ्चल कास्की जिल्लाको पोखरा उपमहानगरपालिका वडा नं. १९ (पूर्व-लामाचौर गाउँ विकास समितिका वडा नं. ८ र ९) को घार्मी भन्ने ठाउँमा बसोबास गरी पशुपालनमा लागेका कृषकहरूमा मात्र सिमित गरिएको छ । यस अनुसन्धान को परिणामले सम्पुर्ण वडाको र अन्य क्षेत्रको प्रतिनिधित्व गर्न नसक्ला यदि गरेको खण्डमा निश्चित अवधिको लागि हुनेछ ।

## १.६ अध्ययनको संगठनात्मक ढाँचा

यो अनुसन्धानमा सात वटा अध्यायहरू रहेका छन् । पहिलो अध्याय परिचयको अध्याय रहेको छ । जस अन्तर्गत अध्ययनको पृष्ठभूमी, समस्याको कथन, अध्ययनका उद्देश्यहरू, अध्ययनको महत्व अध्ययनका सीमाहरू रहेका छन् भने, अध्याय दुई अर्न्तगत सन्दर्भ साहित्यको पुनरावलोकन जसअर्न्तगत सैद्धान्तिक पुनरावलोकन, पूर्व अध्ययनको समिक्षा राखिएको छ ।जस अन्तर्गत सैद्धान्तिक पुनरावलोकन र पूर्व अध्ययन गरिएका सन्दर्भ सामग्रीहरूलाइ समेटिएको छ । त्यस्तैगरी अध्याय तीनमा अध्ययन विधि राखिएको छ । जसअन्तर्गत अध्ययन क्षेत्रको छनौटको औचित्य, अनुसन्धान ढाँचा, तथ्यान्नको प्रकृति र स्रोत, नमूना छनौट तथ्यान्न प्रस्तुतिकरण र विश्लेषणलाई समेटिएको छ ।

यस्तैगरी अध्याय चारमा समुदायका मानिसहरूको आर्थिक तथा सामाजिक अवस्थाका बारेमा चित्रण गरिएको छ भने अध्याय पाँचमा अध्ययन क्षेत्रमा पशुजन्य उत्पादन र परिवर्तनको अवस्थालाई समेटिएको छ ।

अध्याय ६ मा व्यवसायिक पशुपालनले कृषकको जीवन स्तरमा पारेका सकरात्मक र नकरात्मक प्रभावहरूको बारेमा विश्लेषण गरिएको छ । यस्तैगरी सातौं तथा अन्तिम अध्यायमा अध्ययनको सारांश, निष्कर्ष र सुझावलाई समेटिएको छ ।

# अध्याय : दुई

# साहित्यको पूनरावलोकन

## २.१ अवधारणागत पृष्ठभूमि

कृषि प्रणालीको सुरुवात फिरन्ते अर्थतन्त्रमा संक्मण भई कृषि अर्थतन्त्रमा प्रवेश गरेसँगै भएको हो । यस्तो संक्मण क्रमशः पशुपालन र बागबानी जस्ता बिचका अर्थतन्त्रहरू छिचोल्दै अघि बढेको पाइन्छ । बागवानी समाजहरूमा झाडी फाड्ने र जलाउने क्रियाकपलाप गरी जंगलका केही भागमा निश्चित समयका लागि बाली उमार्ने गरिन्थ्यो । जब माटोको मलिलोपना समाप्त हुन्थ्यो तब त्यहाबाट अर्को ठाउँमा स्थान्तरण हुने चलन थियो । त्यस्तै पशुपालन समाजमा साना बथानहरूमा पशुहरूलाई पाल्ने काम गरिन्थ्यो । यसरी पशुपालन र बागवानीको विकास हुँदै वास्तविक रुपमा कृषि प्रणालीको उदय भएको पाइन्छ (जि.आर. १९९४) ।

नेपालको भौगोलिक बनावट हावापानी र अवसरको हिसाबले कृषि क्षेत्र एक प्रचुर सम्भावना बाकेको आर्थिक क्षेत्रको रुपमा परिचित छ । दीर्घकालीन कृषि योजना, त्रिवर्षीय योजना तथा राष्ट्रिय कृषि नीति २०६१ को उद्देश्य अनुसार नेपालमा कृषि उत्पादन तथा उत्पादकत्व बढाई गरिबी न्युनिकरण र खाद्य सुरक्षामा टेवा पुर्‍याउने आजको आवश्यकता रहेको छ । यसका लागि कृषि उत्पादनको विविधिकरण, प्रशोधन, मूल्य अभिवृद्धि, कृषि यान्त्रीकरण, बजारीकरण जस्ता महत्वपूर्ण पक्षहरूलाई दृष्टिगत गरी कृषि कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने हुन्छ । विगतका दिनदेखि मूलुकमा ताजा तरकारी उत्पादन, दुग्ध उत्पादन, कुखुरा पालन, पशुपालन, पुष्पखेति, नगदेबालीहरू उच्च मूल्य पर्ने कृषि उपजहरू बिऊ उत्पादन एवं अन्य निर्यातजन्य उत्पादनहरूले व्यवसायिक रुपमा कृषि खेतीको राम्रो सम्भावना देखिएका छन् (अध्ययन प्रतिवेदन, २०७१ॐ०७२) ।

नेपाल सरकारले पशुजन्य उत्पादन वृद्धि गरी पशुसेवाको माध्यमबाट किसानहरूको जीविकोपार्जनमा सुधार ल्याउने विभिन्न कार्य गर्दै आएको छ । पशुपालनलाई देशको अर्थतन्त्रको मूल आधार बनाउने उद्देश्यले सरकारले विभिन्न गतिविधि सञ्चालन गर्दै आएको छ । पशुपालन क्षेत्रबाट दुध, ऊन, मासु, छाला, मल लगायतका वस्तुहरू प्राप्त

हुन्छ । कतिपय पशुलाई ढुवानीमा पनि प्रयोग गरिन्छ । बायोग्यास लगायत जैविक ऊर्जा उत्पादन गर्न पशुको मल प्रयोग हुन्छ । समग्रमा पशुपालन क्षेत्रको योगदान राष्ट्रिय अर्थतन्त्रमा ठूलो छ । देशको कूल ग्राहस्थ उत्पादनमा पशुपंक्षीबाट ११-१२!  को योगदान देखिन्छ । तर यस क्षेत्रको उत्पादन कम्तिमा पनि १६!  हुनुपर्दछ । छरिएर रहेको तथ्यान्न हेर्दा दुधबाट मात्रै ९!  पंक्षी क्षेत्रबाट ४!  छ भने  ऊन, मासू र छालाबाट हुने योगदान चाँही कहाँ गयो ? त्यसकारण यी सबैको हिसाब गर्दा उत्पादनमा कम्तिमा १६!  योगदान छ (शर्मा, २०७२) ।

अर्को कुरा अहिले खाद्य सुरक्षाको कुरा आएको सन्दर्भमा पशुजन्य उत्पादनले मानिसको खाद्य र पोषण सुरक्षामा महत्वपूर्ण भूमिका निर्वाह गर्छ । मानिसलाई स्वस्थ रहन र रोगसँग लड्न सक्ने क्षमता विकास गर्न  चाहिने प्रोटिन पशुपंक्षीबाट प्राप्त हुन्छ । मानिसको शरीरलाई चाहिने कूल प्रोटिनको ५०ु  अंश पशुपंक्षीजन्य स्रोतबाट उपलब्ध हुन्छ । साथै वनस्पतिबाट उपलब्ध हुने भन्दा पशुंक्षीबाट पाइने प्रोटिन एकदमै गुणस्तरीय र सुपाच्य हुन्छ । प्रोटिन खासगरी माछा, मासू, अण्डा र दुधबाट आपूर्ति हुन्छ । संसारका विभिन्न ठाउँमा पशुजन्य उत्पादन खाँदा बच्चाहरूको दिमागको विकास हुनुको साथै क्रियाशीलतामा वृद्धि हुने अध्ययनहरूले देखाएका छन् । त्यसकारण राष्ट्रका लागि एक स्वास्थ्य र सक्षम नागरिक तयार गर्न पशुजन्य वस्तुका उत्पादन उपलब्ध हुनु जरुरी छ । तर पशुजन्य खाद्य पदार्थ पोषणका लागि जति महत्वपूर्ण छन् स्वस्थ पशुबाट ती कुरा ग्रहण गर्न सकिएन भने हामी रोगको घर पनि बन्न सक्छौ । दोस्रो स्वास्थ्यबाट प्राप्त वस्तुलाई सही रुपमा उत्पादन, प्रशोधन, भण्डारण र वितरण गर्न सकिएन भने पनि त्यसले रोग निम्त्याउँछ । त्यही क्रममा पशुपंक्षी मन्त्रालयले हाल जनचेतना मुलक अभियान सञ्चालन पनि गरिरहेको छ (प्रेमी, २०७२) ।

देशको भौगोलिक परिवेशले उपलब्ध गराएको अवसर र कृषकहरूको अनुभव तथा आधुनिक कृषि प्रविधिहरूको सदुपयोगबाट दिगो आर्थिक वृद्धि तथा खाद्य सुरक्षा सुनिश्चित गर्न सकिने सम्भावना विद्यमान रहेको छ । कृषि भूमिको अनुपयुक्त प्रयोग एवम् विभिन्न प्रकोपहरूका कारण उर्वरा कृषि भूमिको पहुँच नपुग्नु र पहुँच पुग्नेहरूले पनि आधुनिक प्रविधिहरूको प्रयोग गरी पर्याप्त मात्रामा व्यवसायिक रुपमा उपयोग गर्न नसक्नु, गैर कृषि क्षेत्रको विकासको आधारको रुपमा रहेको कृषि क्षेत्रको विकासका पूर्वाधार (सिंचाई, सडक, विजुली,

सञ्चार, उद्योग र बजार व्यवसाय तथा उन्नत प्रविधिहरू) मा पर्याप्त लगानी आकृष्ट हुन नसक्नु कृषि क्षेत्रको विकासको मूल समस्याका रुपमा रहेका छन् । कृषि क्षेत्रको समग्र विकासका लागि ल्याइएका कृषि विकासको नीतिगत रुपरेखा २०४८ तथा दीर्घकालिन कृषि योजनाले यस क्षेत्रको विकासलाई केही हदसम्म दिशाबोध गराएको छ । तथापि आर्थिक उदारीकरण, विश्वव्यापार सङ्गठन, तथा क्षेत्रीय सङ्गठनहरूमा नेपालको विद्यमान प्रतिवद्धता, नेपालको लागि दीगो विकासको एजेण्डा एवम् सहस्राब्दी विकासका लक्ष्यहरू समेतको पृष्ठभूमिमा दीर्घकालीनकृषि योजनाका मूलभूत पक्षलाई कायम राखी नयाँराष्ट्रिय कृषि नीति तर्जुमा गरी लागु गर्न आवश्यक देखिएकोले नेपाल सरकारले राष्ट्रिय कृषि नीति २०६१ जारी गरेको छ (कृषि डायरी, २०६२) ।

## २.२ सैद्धान्तिक पुनरावलोकन

### २.२.१ आधुनिकीकरणको सिद्धान्त

बास्तवमा आधुनिककरणको सिद्धान्त सन् १९५०-१९६० को दशकमा देखा परेको हो । यस आधुनिकीकरण सिद्धान्तको मूलभूत मान्यता भनेको समाजर पेसा संस्कृति परिवर्तनशील छ । स्वयम मानिस पनि परिवर्तनकामी छ । प्रत्येक समाज परिवर्तन र विकास हुँदै अगाडि बढेको छ । समाजको प्रारम्भिक चरणभन्दा वर्तमान चरण परिवर्तनशील छ । समाज सधै आधुनिकतातर्फ उन्मुख हुन्छ भन्ने तथ्यमा आधारित छ । आधुनिकता भनेको समाज एक परम्परागत, निर्वाहमुखी, रुढीवादी ढाँचाबाट आधुनिक व्यवसायिक औद्योगिक तहमा पुगने प्रक्रिया हो । यस प्रक्रियामा समाज प्रारम्भिक, मध्यम र उच्च तह पार गर्दै समाज भित्रका आर्थिक, सामाजिक, धार्मिक, भौतिक, राजनैतिक लगायत मानवीय मनोवृत्तिमा पनि बढी कुशल तथा व्यापकता तर्फ लक्षित भई समाजको विकास प्रक्रिया अगाडि बढ्छ ।

आधुनिकीकरणले उत्पादन प्रणालीमा सरल ग्रामिण अथवा निर्वाहमुखीबाट व्यवसायिकता र आधुनिक प्रविधियुक्त बनाउँदै जान्छ । पेसाहरूमा पनि परम्परागत पेसाका ठाउँमा आधुनिक विशिष्टीकरण हुँदै जान्छन् । सामाजिक चालचलन, रीतिरिवाज, पेसा व्यवसाय सोच जस्ता कुराहरूमा परिवर्तन हुँदै आधुनिकतातर्फ लम्कन्छ । शहरीकरणतर्फ उन्मुख हुन्छ । आधुनिक कुराहरूले परम्परागत क्रियाकलापहरूलाई विस्तापित गर्दछ । आर्थिक, सामाजिक अवस्था

आधुनिकतातिर लम्किरहन्छ । पुरातन परम्परागत ग्रामिण समाज आधुनिक प्रविधियुक्त सहरीकरण तर्फ लम्कन्छ । यो आधुनिकीकरण प्रक्रिया समय विकासको गतिसँग सधै अगाडि बढ्दछ । नयाँ नयाँ प्रविधिको विकास र प्रत्येक मानव उपयोगमा विकल्पको प्रयोगबाट आर्थिक, सामाजिक, साँस्कृतिक परिवर्तन गराउने सिद्धान्तलाई आधार खडा गर्दछ । यस सिद्धान्तलाई यस अध्ययनमा प्रयोग गरिएको छ । द्वआधुनिकीकरण कुनै पनि कुराहरूलाई नविकरण गर्दै विकास एवम् सामाजिक विकाससँग सम्बन्धित हुन्छ" (गुरुङ, २०६९) ।

सामाजिक परिवर्तन र आधुनिकताबीच अन्योन्याश्रीत सम्बन्ध पाइन्छ । सामाजिक परिवर्तन एवम् रुपान्तरणको अवस्था र प्रयिक्रयाले आधुनिकताको तह निर्धारण हुन्छ । आधुनिकता को उद्भव र यसका विशेषताहरू बारे मत भिन्नताहरू धेरै पाइए पनि आधुनिक विश्वबुद्धि अलौकिक र इश्वर केन्द्रित नभई लौकिक र मानव केन्द्रित क्रियाशिल भएको पाइन्छ । अमेरिकन अर्थशास्त्री (W.W. Rostow) को आर्थिक विकासको नमुनालाई आधुनिकरणको सन्दर्भमा समाज व्याख्याको महत्वपूर्ण अवधारणाको रुपमा लिइन्छ । रोस्टोका अनुसार समाजलाई पाँच तहमा विभाजित गरेका व्याख्या गरेका छन् । जस अर्न्तगत परम्परागत समाज परिवर्तनका लागि पूर्वाधार तयार भइसकेको परिवर्तीत समाज, परिपक्वता तर्फ उन्मुख समाज, आम जनसमुदायले सामाजिक उपलब्धिका उपभोग गरिरहेको समाज र उनका अनुसार परम्परित समाज अति नै सरल र सहज प्रकृतिको हुन्छ । जुन समाजको प्रमुख अर्थतन्त्र कृषिमा आधारित हुन्छ । त्यस्तै उनले समाज विकासको दोस्रो चरणमा समाजमा विस्तारै परम्परागतबाट व्यवस्थित तर्फ अगाडी बढ्छ नयाँ विचार र प्रविधिको सुरुवात हुँदै जान्छ । उत्पादनको प्रक्रिया र साधनहरूमा आधुनिकता एवम् नयाँपन थपिदै परिवर्तोन्मुख हुन्छन् । कृषि क्षेत्रमा प्राविधिक क्रान्तिका आवश्यकता र बढ्दै गइरहेको सहरी जनसङ्ख्याले आवश्यकता पूरा गर्न साधनको रुपमा उत्पादकत्वलाई बढाउनुपर्ने कुराको जोड दिइएको छ (अर्याल, २०६८) ।

खासगरी सन् १९५० पछिका आधुनिकीकरणको सिद्धान्तको मूल मान्यता भनेको नै परम्परागत जीवनशैली, मूल्यमान्यता, प्रविधिलाई त्याग्दै आधुनिक जीवन पद्धति उत्पादन प्रणाली अपनाउने कुरालाई जोड दिइएको छ । जसले समाज परिवर्तन गराउँदै आर्थिक वृद्धि तर्फ समाजलाई लक्षित गराउनमा जोड दिनेछ ।

### २.२.२ विकासको अवधारणा

जीवन पद्धतिमा विभिन्नता र ग्रामिण किसानहरू Franl Ellis ले "Household Strategies and Rural Livelihood Diversification" मा जीवन पद्धतिमा विभिन्नतालाई एक प्रक्रियाका रुपमा हेरेका छन् ग्रामिण परिवारले आफ्नो जीवनस्तरलाई सूधार गर्ने विविध गतिविधिमा संलग्नता र कानुनका लागि गरिने संघर्षमा सामाजिक सहयोगको सक्षमता निर्माण गर्दछन् भनेर परिभाषित गरेका छन् । जीवनयापनका लागि गरिएका क्रियाकलापहरूमा एक क्रियाकलापले अर्को क्रियाक्लापलाई सहयोग गरेको हुन्छ । बस्तुपालनले बाली उत्पादनमा मद्धत गर्दछ भने राम्रो बालिले बस्तुपालनमा सघाउँ पुऱ्याउँदछ । बाँच्नका लागि गरिने यी क्रियाकलापमा पालोपर्म र खेती धान्न परिवारिक तथा सामाजिक सञ्जाल निर्माण गरिरहेको हुन्छ । ग्रामिण जीवन पद्धतिमा ग्रामिण कृषि पशुपालन तथा बाली विविधिकरणका पक्षहरूले मद्दत गरेको हुन्छ । Ellis का अनुसार जीवन निर्वाहका लागि मानिसहरूले विविध आय आर्जनका कार्यहरू गर्दछन् । घरायसी अलवा आर्जनका शिलसिलामा पेवा पछि पशुपालन, भाडा तथा घरेलु र विदेशी मुद्रा आर्जनका क्षेत्रहरूमा संलग्न भएर मानिसहरूले जीवका चलाएका हुन्छन् विहान बेलुका पसल वा खेतीपाती र दिउँसो जागिर खाने गरेको प्रशस्तै देखिन्छ (Ellis, 2014)।

हालको आधुनिक पशुपालन पनि आय आर्जनको आकर्षक क्षेत्र हुने गर्दछन् । व्यवसायिक रुपमा पशुपालन गरी अर्थोपार्जन राम्रो भएका उदाहरणहरू प्रशस्त भेटिन्छन् पशुपालनमा लागेका मानिसहरू यस पेशासँग जोडिनुको कारण जीवका धान्नको लागि बाध्यताको रुपमा गरिएको देखिन्छ । आधुनिक प्रविधि, उन्नत जात, उपयुक्त खाद्यान्न प्रयोग गरी पशुपालन गर्दा सोचे अनुरुप उत्पादन भएको खण्डमा र बजार व्यवस्थापन गरी उपयुक्त मुल्य पाएमा आम्दानी बढाएर यसले गरिवि हटाउने र कृषकहरूको जीवनस्तरलाई माथि उठाउने कार्य गर्दछ ।

### २.२.३ आर्थिक सिद्धान्त

समाजशास्त्री मार्क्स वेवर र प्लेटो अर्थशास्त्रमा पनि समाप्यिता देखाएका छन् । जसलाई राजनीति अर्थशास्त्र भनिन्छ । यसमा मिल माक्स, अर्वट, स्पेन्सरको पनि महत्वपूर्ण भूमिका रहेको छ । यस अनुसार सामाजिक परिवर्तनका सम्बन्धमा प्रत्येक खालका परिवर्तनका

कारक तत्व आर्थिक पक्ष हो । यसैले  महिलाको सम्पत्तिका सम्बन्धमा पनि आर्थिक सिद्धान्तले प्रभाव पारेको हुन्छ । त्यसको प्रभावका कारण कानुनमा परिवर्तन आउँछ तसर्थ सम्पूर्ण परिवर्तनको मूल आधार आर्थिक तत्व भएका कारण जब आर्थिक अवस्थामा परिवर्तन आउँछ तब सामाजिक एकाई र त्यसको प्रक्रियामा पनि परिवर्तन आउँछ (रान्डल, १९९६) ।

मार्क्सले समाजको पहिचानलाई निश्चित गर्ने निर्णायक कारक तत्वका रुपमा आर्थिक कारणहरूलाई राखेका छन् । यस अर्थमा सामाजिक पहिचान पनि एक अार्थिक कारणहरूको परिणाम हो भन्न सकिन्छ । सामाजिक जीवन, विचार, मुल्य मान्यता, राजनीति व्यवस्था, साहित्य, कला, आदिको निर्धारण उत्पादनमा निर्भर गर्दछ (मार्क्स, १९७७) ।

सामाजिक परिवर्तनका सम्बन्धमा आर्थिक सिद्धान्त मार्क्सबाट प्रभावित छ जसअनुसार सामाजिक परिवर्तनका सम्बन्धमा प्रत्येक खालका परिवर्तनको कारक तत्व आर्थिक पक्षलाई मान्न सकिन्छ । सामाजिक परिवर्तनका सम्बन्धमा उत्पादनको तरिका, पद्धति र त्यसको पुनरावृत्तिकरणले आर्थिक क्रियाकलापलाई प्रत्यक्ष प्रभाव पार्दछ । उत्पादन प्रक्रियामा यसको प्रभाव परिवार, लि , उमेर आदिमा पर्छ । यसको प्रभावको फलस्वरुप नै सामाजिक रुपमा धार्मिक संस्था, कानुन, राजनीति आदिमा परिवर्तन आउँछ । सम्पूर्ण परिवर्तनको मूल आधार नै आर्थिक तत्व भएका कारण जब आर्थिक अवस्थामा परिवर्तन आउँछ तब सामाजिक एकाइ र त्यसको प्रक्रियामा परिवर्तन आउन सक्छ । अर्थ व्यवस्थामा आउने परिवर्तनका सँगै सामाजिक जीवनमा पनि परिवर्तन आउँछ (राण्डल, १९९६) ।

## २.३ पूर्व अध्ययनको समिक्षा

पशुपालन जनावर र पशुपंक्षी पाल्ने पेशा हो । नेपालमा गाई भैँसी, बाखा, भेडा, चौँरी, च्याङ्ग्रा, खच्चड, गधा, गोरु, कुखुरा, पशुपंक्षीहरू दुध, मासू, घरायसी सजावट तथा सुरक्षा आदि उद्देश्यले पाल्ने गरिन्छ । नेपालका कृषकहरूले खेती तथा पशुपालन दुवै गर्ने भएकोले उसलाई मिश्रीत खेती भनिन्छ । सघन निर्वाहका लागि मात्र नभई आफ्नो घरायसी आवश्यकता परिपूर्ति गर्न र अतिरिक्त आय आर्जन गर्नका लागि नेपाली कृषकहरूले पशुपालन गर्ने गरेका हुन् । यसबाट दुध, फुल, मासूको साथै खेतीलाई चाहिने मल तथा श्रम प्राप्त हुन्छ ।

नेपालमा हाल १८०० वटा दुग्ध उत्पादन सहकारी संस्था सक्रिय छन् । दुध उत्पादन वार्षिक १७ लाख ५४ हजार मेट्रिकटन छ, जुन ६४ लिटर प्रतिव्यक्ति प्रतिवर्ष छ । यसलाई तीन वर्षमा ६१ लिटर प्रतिव्यक्ति प्रतिवर्ष बनाउने पशुपंक्षी विकासु मन्त्रालयले प्रतिबद्धा गरेको छ । त्यस्तै नेपालमा अहिले ३ लाख मेट्रिकटन मासू उत्पादन हुन्छ । जुन प्रतिव्यक्ति प्रतिवर्ष ११ किलोग्राम मासू पर्छ । उक्त दरलाई १४ किलोग्राम प्रतिवर्ष प्रतिव्यक्ति पुऱ्याउने दुई वर्षीय अभियानमा मन्त्रालय जुटेको छ । मासूमा राँगा, भैँसीको योगदान ५८.३! , खसिबोका प्रजातिको २०! कुखुराको १४.५! बंगुरको ६.५! योगदान रहेको छ ।

दुग्ध उत्पादन बढाउन व्यवसायिक गाईपालन कृषकलाई बाच्छी मात्र जन्मने (सेक्ष्ड सिमेन) प्रविधि उपलब्ध गराउन आवश्यक छ । खुल्ला सिमानाका कारण रोगहरू फैलिएर पशुहरूमा हानी नोक्सानी हुने गरेको छ । यसलाई नियन्त्रण गर्नु निकै ठूलो चुनौती छ । भेडा, च्याङ्ग्राको व्यवसायिकीकरण गरी पश्मिना उत्पादन वृद्धि गर्नुपर्दछ । छालाको काट्ने प्रविधी सुधार गरी छाला प्रशोधन गर्दै निकासी गर्न सके वैदेशीक मुद्राको ठूलो स्रोत हुन सक्छ । बढ्दो जनसङ्ख्याको खाद्य सुरक्षा गर्नका लागि दुध, फुल, मासू उत्पादन गुणात्मक रुपमा बढाउनुपर्ने हुन्छ । इन्धन संकटसँग जुध्न तराई मध्य पहाडमा पशुपालन सागै वायोग्यास प्लान्ट स्थापना गर्न महत्वपूर्ण हुन्छ । यो कार्यले वातावरण प्रदुषण न्युनीकरण हुने र ग्याँस पछि मल पनि प्राप्त हुन्छ (शर्मा, २०७२) ।

व्यवसायिक पशुजन्य उत्पादन भन्नाले दुध मासू उत्पादन, अण्डा, ऊन तथा छाला उत्पादन बुझिन्छ । राष्ट्रिय आयमा सबैभन्दा बढी योगदान पुऱ्याउने दुध व्यवसाय तथा गाई भैँसी पालन नै हो । आर्थिक वर्ष २०७१ॐ०७२ को तथ्याङ्क हेर्दा प्रतिव्यक्ति प्रतिवर्ष करीब ६२ करीब २५-३०! मात्रै प्रशोधन व्यवसायिक रुपमा ज्यादै सुस्त गतिमा छ । गत ४ॐ५ वर्ष यता व्यवसायिक गाई भैँसी पालन उद्योगको रुपमा स्थापित हुँदै गए पनि कूल उत्पादनमा योगदान न्युन छ ।

व्यवसायिक रुपमा कुखुरा बंगुर पालन व्यवसाय अग्रगतिमा छ । नेपालीलाई आवश्यक पर्ने कुखुरा र बंगुरको मासू आपूर्ति गर्नुपर्ने अवस्था छैन । हालको प्रतिव्यक्ति खपत कुखुराको मासू ४.५kg र अण्डा ५४ वटा प्रचिव्यक्ति प्रतिवर्ष छ । जुन एसियाली मूलुकको सरदर खपत भन्दा ज्यादै कम हो । तर यसको उत्पादनका सम्भावना तीन गुणा बढी देखिन्छ । मासू उत्पादनका लागि सबैभन्दा पहिले बाखापालनले रुप लिएको हो । तर आजसम्म पनि

बजारमा यसको पहुँच छैन । करीब ५६!  भारतीय खसी बोकाले नेपालमा माग थामिरहेको छ । बाख्रा प्रजातिलाई प्राङ्गारीक मासूका रुपमा प्रशोधन गरी उच्च मूल्यमा बिक्री गर्ने व्यवसायका रुपमा विकास गर्नु उपयुक्त हुन्छ (भट्टराई, २०७२) ।

नेपालको संविधान २०७२ का अनुसार भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमि सुधार गर्ने, अनुपस्थित भूस्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने । किसानको हक हित संरक्षण र सम्बर्द्धन गर्दै कृषि उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायिकरण, औद्योगिकरण, विविधिकरण र अनुसन्धनिकीकरण गर्ने, भूमिको उत्पादनशीलता प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने कृषकका लागि कृषि सामाग्री र कृषि उपजको  उचित मूल्य बजारमा पहुँचको व्यवस्था गर्ने (नेपालको संविधान, २०७२) ।

त्यस्तै कास्की जिल्लाको लाहाचोक गा.वि.स.मा इमान सिंह गुरुङ, विष्णु अधिकारी, युवराज अधिकारीले गाउँका जग्गाहरू भाडामा लिएर कृषिमा आधुनिकिकरण गर्नुका साथै गाई भैंसी पालेर दुध व्यवसाय गरेका छन् । त्यस्तैगरी गाई भैंसीको मलबाट तरकारी खेतीमा परिवर्तन आएको छ । रासायनिक मलभन्दा गोबरे मलबाट खेती राम्रो भएको पाइयो । जिल्लामा पशुसेवा कार्यालय कास्की अनुसार ५ भन्दा बढी माऊ पाल्ने गाईका २०९ भैंसीका २८३ बाख्राका २३६, बंगुरका ११३ र कुखुराका २८५ फार्म दर्ता छन् । पाँच भन्दा कम पालनेको सङ्ख्या यकिन छैन । फार्ममा २३ हजार भन्दा बढी गाई वस्तु पालिएका र यसबाट वर्षेनी डेढ अर्ब बराबरको आम्दानी भइरहेको छ । ४ हजारले रोजगारी पाएका छन् । अधिकांश ठूला सहित ५०!  फार्म पोखरा उपमहानगर भित्रै रहेका कार्यालयले जनाएको छ । फार्म खोल्ने क्रम रोकिएको छैन तर बढ्दो छ । पशुविकास अधिकृत महेन्द्र मल्ल भन्छन् दिनहुँ परामर्शका लागि आइरहेका हुन्छन् । यस्तोमा विदेशबाट फर्किएका बढी छन् । वार्षिक रुपमा ६५३८६ मेट्रिकटन दुध, करीब ८१ हजार मेट्रिकटन मासु । २३ लाख गोटा अण्डा उत्पादन हुने कार्यालयले जनाएको छ । दुधको दैनिक ६० हजार लिटर माग रहे पनि ३० हजार लिटर उत्पादन हुन्छ । साना किसानले बेच्ने दुधको यहाँ गणना छैन (शर्मा, २०६३) ।

मानिसका आधारभूत आवशयकताहरू (गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र सुरक्षा) मध्ये पहिलो र महत्वपूर्ण आवश्यकता गाँस (खाद्यान्न) नै हो । खाद्यान्न भएपछि मात्र मानिस बाँच्न सक्छ र उसलाई अन्य आवश्यकताहरूको आवश्यकता पर्दछ र खोजीतर्फ लाग्दछ । मानव सभ्यताको विकास सँगसँगै मानिसहरूले खाद्यान्नको रुपमा कृषि तथा कृषि जन्य

वस्तुहरूको प्रयोग गर्दै आएको पाइन्छ । पाषाण (ढुङ्गे) युगमा मानिसहरूले घुमन्ते जीवन बिताउँथे । जनावरहरूको सिकार गरेर फलफूल तथा कन्दमूलहरू खोजेर आफ्नो जीविका चलाएका थिए । आजभन्दा करीब १०,००० देखि १२,००० वर्ष पहिले नवपाषाण युग भएको अनुमान गरिन्छ । यस युगमा क्रान्तिकारी परिवर्तन भएको थियो । अथवा मानव संस्कृतिमा आमूल परिवर्तन नै यस युगमा आएको हो भन्न सकिन्छ । यस समयमा प्रमुख परिवर्तनहरू मध्ये एउटा कृषिको प्रारम्भ र अर्को पशुपालनको सुरुवात थियो (गौतम, २०६०:१८) ।

सुरुमा मानिसको मुख्य पेशा कृषि नै थियो । कृषिका साथसाथै मानिसले गाइहरू पाल्न थाले र गाईपालक (गोपाल) हरूको समूह आएर बसोबास गर्न थालेको पाइन्छ । गोपालहरूलाई लडाइमा हराएर महिषपालहरूले शासन गरेका थिए । गाई पाल्ने गोपालवंशी तथा भैंसी पाल्ने महिषपालहरूको शासन व्यवस्थाको अर्थतन्त्र पशुपालनमा नै आधारित थियो । त्यसैले नेपालमा गोपालवंशी तथा महिषपालहरूको सामान्य रुपमा खेतीपाती पनि सुरुवात गरेका थिए भनेर अनुमान गर्न सकिन्छ । यसबाट के स्पष्ट हुन्छ भने विश्व सम्भ्यताको विकासको क्रममा अन्य क्षेत्रमा देखिए सरहनेपालमा पनी पशुपालन र त्यसपछि कृषि व्यवसायतर्फ उन्मुख भएको पाइन्छ । काठमाडौ उपत्यकामा आभिरहरूलाई हराएर किरातहरूले शासन व्यवस्था चलाएका थिए । किराँतकाल कृषिको युग थियो । त्यस समयसम्ममा मानिसहरू कृषिका अलवा पशुपालन कार्य पनि गर्दथे । तर मानिसहरूको मुख्य पेशा चाही कृषि भैसकेको थियो । लिच्छिविकालमा राज्यको तर्फबाट र जनताको तर्फबाट पनि खेतीपाति गरिन्थ्यो । यस कालमा धान, गहुँ, तेलहन, उखु, कपास, फलफूल र सागसब्जी प्रमुख रुपमा लगाइने बालीनाली थिए । कृषि उत्पादन गरे वापत भागकर र पशुपालन व्यवसाय गरेबापत आगकर जनताले राज्यलाई तिर्नुपर्दथ्यो । तयसैगरी मध्यकालमा भौगोलिक परिस्थिति अनुसार अगल-अलग प्रकारको कृषि प्रणाली थियो । काठमाडौं उपतयकामा खनेर खेती गरिन्थ्यो तर उपतयका बाहिर गह्रा बनाएर गोरुले जोतेर खेती गर्ने गरिन्थ्यो । त्यस समयमा जमिनलाई अब्बल, दोयम, सिम र सरकारी कुलाको पनि व्यवस्था गरिएको पाइन्छ -Agricultural Projects Services Nepal, 1997) । पोखरामा हेम्जा गाउँमा विष्णु पौडेल र लेखनाथ पौडेलले गाउँकै गौरीशंकर माध्यमिक विद्यालयको १५ रोपनी जग्गा भाडामा लिई कृषिमा आधुनिकीकरण गर्नुका साथसाथै बहुआयमिक कृषि जन्य विकास गरेका छन् उनीहरूल एक फर्म खोली सो फर्ममा १५ वटा गाइबाट दूध उत्पादन गरेका छन् । तयसका साथसाथै ६ हजार कुखुरा पनि पालेका छन् । गाई तथा कुखुराबाट प्राप्त मललाई उपयोग

गरी तरकारी समेत उत्पादन गरी आर्थिक उन्नति गरेका छन् । उनीहरूले कुखराका खोर गाउँ गोठ बाहेककोसम्म ठाउँमा तरकारी रोपेका छन् भने बाँकी भिरालो र कम उत्पादन हुने ठाउँमा घाँस खेती गरेका छन् । त्यस्तो लगनशिलता देखेर गाउँले छक्क परेका छन् (सरीता, २०७३) ।


## २.४ अवधारणात्मक खाका

नेपालको अर्थतन्त्रमा कृषिक्षेत्रले झण्डै १ तिहाई अंश ओगटेको छ । यस क्षेत्रको समष्टिगत विकास गर्न सकेमा मात्र राष्ट्रिय अर्थतन्त्रको आधार सवल सक्षम हुने अवस्था देखियो विगतमा कृषि पेशा एक निर्वाहमुखी तथा परम्परागत शैलीमा आधारित थियो । हाल आएर यो क्षेत्र आधुनिकिकरण तिर उन्मुख भएको छ । नेपाल विश्वव्यापार संगठनको सदस्य भइसकेको छ । हाम्रो भौगोलिक धरातल अनुसार विभिन्न कृषि उपजहरू उत्पादन हुने सम्भावना भएको, देशका युवा कामको लागि विदेशमा कष्टकर कार्य गर्न बाध्य भएको परिपेक्ष्यमा आर्थिक वृद्धि, आयात प्रतिस्थापन रोजगारी र खाद्य सुरक्षाका लागि कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायिकरण गर्न प्राथमिकता दिनुपर्छ ।

आर्थिक अवस्थाको सुधारले जीवनका हरेक पक्षमा सुधार गर्ने देखिन्छ । कृषकहरू आर्थिक सुधारसँगै सामाजिक कार्यमा पनि लागेका छन् । कृषकहरू बेलाबेलामा तालिममा जाने हुँदा उनीहरूको चेतनामा विकास भएको पाइन्छ । पशुपालनका क्रममा विभिन्न समस्याहरू देखिन्छन्, त्यस्ता समस्याहरू स्वयं कृषकहरूले नै एक आपसमा छलफल गरी आफैं समाधान गर्दछन् भने अलि जटिल र प्राविधिक पक्षका विषयमा मात्र प्राविधकसँग सल्लाह र्गे गर्दछन् । मानिसको हरेक पक्षमा परिवर्तन ल्याउने माध्यम भनेको आर्थिक पक्ष हो । पशुपालनले आर्थिक पक्षमा सुधारका साथै सामाजिक लगायतका सम्पूर्ण क्षेत्रमा सुधार देखिएको छ । उनीहरू पशुउत्पादनबाट आएको आम्दानी आफ्नो खर्च चलाएर बाँकी बचत समेत गर्ने गरेका छन् । यसले गर्दा मानिसहरूको जीवनशैलीमा नै परिवर्तन आएको पाइन्छ ।

पशुपालनमा नयाँ नयाँ प्रविधि विकास भएपछि कृषकहरूमा पशुपंक्षी उत्पादनका आधुनिक तरिकाहरूको प्रभाव पर्दै जान्छ । पशुपालनलाई प्रभाव पर्ने प्राविधिक पक्षहरूमा बढी उत्पादन दिने उन्नत जातहरू प्रयोग गरेका छन् । वर्तमान समयमा बढी उत्पादन गरी

नाफा कमाउने उद्देश्यले पशुपालनलाई व्यवसायिक रुपमा विस्तार गरिएको छ । पशुपालनमा भएको वृद्धिले कृषकहरूको सामाजिक र आर्थिक अवस्थामा प्रभाव पारेको हुन्छ । यसको कारणले कृषकको आर्थिकोपार्जन, चेतनाको विकास, स्वास्थ्य, रोजगारी र बचत, सामाजिक मूल्य मान्यता, संस्थागत विकास आदिमा सकरात्मक प्रभाव पारेको पाइन्छ ।




चित्र २.१ : अवधारणात्मक खाका

अवधारणात्मक खाकालाई आर्थिक प्रभाव, सामाजिक प्रभाव र प्राविधिक प्रभाव गरी ३ खण्डमा विभाजन गरी अध्ययन गरिएको छ । आर्थिक प्रभाव अन्र्तगत आर्थिक उपार्जन, स्वास्थ्य स्थिति, रोजगार र बचतलाई लिइएको छ । सामाजिक प्रभाव अन्तर्गत सामाजिक मुल्य मान्यता, संस्थागत विकास, चेतनाको विकास लगायतका सामाजिक पक्षबाट हेरिएको छ । त्यस्तैगरी प्राविधिक प्रभावमा आधुनिक उपचार पद्धति, उन्नत जात, विशेषज्ञको प्रयोग आदिलाई समेटिएको छ । निष्कर्षमा आर्थिक, सामाजिक र प्राविधिक पक्षले कृषकको जिवन शैलीमा कसरी सुधार गरेको छ भनी यस अध्ययनमा केलाइएको छ ।

# अध्याय : तीन
# अध्ययन विधि

## ३.१ अध्ययन क्षेत्रको छनोटको औचित्य

यो अध्ययनको क्षेत्र कास्की जिल्ला पोखरा लेखनाथ महानगरपालिका वडा नं. १९ साविक लामाचौर गा.वि.स. वडा नं. ८ र ९ मा केन्द्रित रहेको छ । यस क्षेत्रका कृषकहरू व्यक्तिगत र व्यवसायिक रुपमा पशुपालनमा लागेका छन् । वर्तमान समयसम्म यसको अध्ययन भएको देखिदैन । त्यसैले पशुपालन अध्ययनको लागि यो क्षेत्र छनौट गरिएको छ । यो अध्ययन पशुपालन सम्बन्धी विषयमा आधारित भएकोले आगामी पशुपालक कृषकका लागि उपयोगी देखिन्छ । देशको कमजोर आर्थिक अवस्था र बढ्दो जनसङ्ख्यासँगै देखा परेका आर्थिक अभावको अवस्थालाई सहयोग पुऱ्याउने कृषिमा पनि पशुपालनको अध्ययन गरिएको छ । यस अध्ययनले ग्रामीण समाजमा कृषि क्षेत्रले परिवारको आर्थिक र सामाजिक अवस्थामा कस्तो भूमिका खेलेको छ भन्ने बारेमा अध्ययन गर्ने अवसर मिलेको छ । यस अध्ययनको परिणामले आउँदो समयमा पशु उत्पादन सम्बन्धी नीतिहरूमा सुधार गरी पशुपालन सम्बन्धी योजना बनाउन र विकास गर्नमा सहयोग गर्नेछ । यो नै यस अध्ययनको औचित्य बनेको छ ।

## ३.२ अनुसन्धानको ढाँचा

यो अध्ययन अन्वेशणात्मक र वर्णात्मक दुवै ढाँचामा गरिएको छ । व्यावसायिक पशुपालन कृषकहरूको जीवनमा पारेका प्रभावहरूको बारेमा अनुसन्धानमा केन्द्रीत छ । यस अध्ययनका उद्देश्यहरू प्राप्तीका लागि पशुपालक कृषकसँग प्रत्यक्ष सम्बन्ध राख्ने कृषक वा कृषकसमूहसँग अन्तर्वार्ता, अनुसूचि, अवलोकन विधि तथा वैयक्तिक अध्ययन प्रयोगमा ल्याइएको छ ।

## ३.३ तथ्यान्नकको प्रकृति र स्रोत

यस अध्ययनमा प्राथमिक र द्बितिय खालका स्रोतहरू प्रयोग गरी सूचना संकलन गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत वैयक्तिक अध्ययन अवलोकन विधि र अन्तरवार्ता अनुसूचि

पर्दछन् भने द्वितीय स्रोत अन्तर्गत पशुपालन र अध्ययनसँग सम्बन्धी विभिन्न लेख, रचना जर्नल पुस्तक तथा अन्य सम्बन्धित साहित्यको सहयोग लिइएको छ ।

## ३.४ समग्रता अध्ययन

सर्वेक्षणको महत्वपूर्ण विधि नमुना छनोट पनि हो । प्रस्तुत अनुसन्धानमा अध्ययनको क्षेत्र कास्की जिल्लाको पोखरा लेखनाथ महानगरपालिकाको वडा नं. १९ का गायत्री टोल विकास संस्था र माझथर टोल विकास संस्था (पूर्व लामाचौर गा.वि.स.का वडा नं. ८ र ९) का सबै घरहरू रहनेछन् । जसमा क्रमशः ४६ र ६९ घरधुरीहरू रहेका छन् । यहाँ बसोबास गर्ने ११५ परिवार मध्ये व्यावसायिक रुपमा पशुपालनमा लागेका ४२ परिवारलाई मात्र यस अध्ययनमा समावेश गरिएको छ ।

## ३.५ तथ्यान्न संकलनका विधिहरू

### ३.५.१ प्राथमिक तथ्यान्न सन्नलन विधि

प्रस्तुत शोध अध्ययनमा तथ्यान्नको सन्नलनको लागि मुख्य स्रोतको रुपमा प्राथमिक तथ्यान्नलाई लिइएको छ । जसअर्न्तगत अवलोकन, प्रश्नावली अनुसूचि एवम् वैयक्तिक अध्ययन साथसाथै सम्बन्धीत क्षेत्रमा दक्षता हासिल गरेका व्यक्तिहरूबाट प्रतयक्ष रुपमा सोधपुछ गरेर सूचना तथा तथ्यान्न संकलन गरिएको छ ।

#### (क) अर्न्तवार्ता अनुसूचि

छनौटमा परेका घरधुरीका घरमूलि सदस्यलाई भेटी उनीहरूको बारेमा प्रतयक्ष रुपमा अन्तरवार्ता अनुसूचिको माध्यमबाट तथ्यान्न संकलन गरिएको छ । अनुसन्धानकर्ता स्वयम् छनौटमा परेका घरधुरीका घरमुलीबाट आफ्नो उद्देश्य अनुरुप तथ्याङ्क सङ्कलन गरिएको छ ।

#### (ख) अवलोकन

तथ्याङ्क संकलनको महत्वपूर्ण विधि अवलोकन अन्तर्गत रही व्यवसायिक पशुपालनमा कृषकहरूको पशुपालनप्रति संलग्नता एवं क्रियाकलापसम्बन्धी प्रत्यक्ष रुपमा शोधकर्ता उपस्थित भई यस विधिद्वारा अध्ययन गर्दा कृषकहरू पशुपालन व्यवसायमा आधुनिक वा परम्परागत कुन विधि प्रयोग गरेका छन्? उन्नत जात वा स्थानीय कुन जात पालेका छन्?

कस्तो पशु आहार प्रयोग गरिएको छ ? लगायतका प्रश्नहरूको उत्तरका लागि अवलोकन विधि प्रयोग गरी विश्लेषण गरिएको छ ।

### (ग) वैयक्तिक अध्ययन

व्यवसायिक पशुपालनले यस क्षेत्रका कृषकमा पारेको प्रभावलाई जान्नका लागि शोधकर्ताले आफ्नो उद्देश्य पूरा गर्न आवश्यक ठानिएका व्यक्तिहरूबाट शोध सम्बन्धी विस्तृत तथ्याङ्क लिनको लागि व्यवसायिक पशुपालनमा सक्रिय कृषकहरू छनोट गरी वैयक्तिक अध्ययन समेत गरिएको छ । यस विधिमा कुनैपनि घटना वा विषयलार्य व्यक्तिगत एकाई मानी प्रत्येक एकाइले समाजमा पारेको प्रभावका बारेमा सुक्ष्म, विवरणात्मक तथा अनुसन्धनात्मक अध्ययन गरिएको छ ।

### (घ) मुख्य जानकार व्यक्तिसँगको अर्न्तवार्ता

कुनैपनि अध्ययन अनुसन्धानका लागि बास्तविक सूचना तथा जानकारीमूलक तथ्यहरू अत्यन्तै महत्वपूर्ण हुन्छन् । सबै व्यक्तिहरूलाई त्यस किसिमका सत्य तथ्य तथा जानकारी नहुन पनि सक्छ । त्यसकारण यस अध्ययनमा व्यावसायिक पशुपालन सम्बन्धी लामो अनुभव भएका पशुपालन तालिम लिएका, पशु पालनमा राम्रो अनुभव भएका ८ जना व्यक्तिहरू ध्रुव पौडेल, कोपिला अधिकारी, ढुण्डिराज पौडेल, घनश्याम पौडेल, जुना वि.क., सुर्य नेपाली, खेमराज पौडेल र शोभा सुनारलाई मुख्य जानकार व्यक्तिका रुपमा छनौट गरी उहाँहरूसँगको छलफलबाट अध्ययनको लागि आवश्यक पर्ने सत्य तथ्य जानकारी प्राप्त गर्ने प्रयास गरिएको छ ।

## ३.६ तथ्याङ्क प्रस्तुतिकरण र विश्लेषण

यस अध्ययनमा उपलब्ध तथ्याङ्कलाई आवश्यकता अनुसार संख्यात्मक र वर्णात्मक रुपमा प्रस्तुत गरिनेछ । साथै संकलित तथ्याङ्कलाई सम्पादन गरी सांकेतिक, वर्गीकरण र तालिकीकरण गरी साधारण गणितिय हिसाबका साथै तथ्याङ्क शास्त्रीय विधि, सुत्रहरूको प्रयोग गरी विश्लेषण गरिएको छ ।

# अध्याय : चार

# अध्ययन क्षेत्रको परिचय तथा सामाजिक आर्थिक विशेषता

## ४.१ अध्ययन क्षेत्रको परिचय

नेपालको प्रदेश नं. ४ अन्र्तगत अन्र्तगतका जिल्लाहरु मध्ये कास्की एक पहाडी जिल्ला हो । कास्की जिल्लामा हाल ५ वटा स्थानीय निकायहरू पोखरा लेखनाथ महानगरपालिका अन्नपूर्ण गाउँपालिका, माछापुच्छ्रे गाउँपालिका, मादी गाउँपालिका र रुपा गाउँपालिका छन् । जसमध्ये पोखरा लेखनाथ महानगरपालिका यस जिल्लाको बहुसङ्ख्यक जनता बसोबास गर्ने क्षेत्र हो । यसै पोखरा महानगरपालिकाको अन्तरतर्फ माछापुच्छ्रे गाउँपालिकाको सिमाना रहेको साविक लामाचौर गाविस र पुरुन्चौर गा.वि.स. नेपाल सरकारले गरेको निर्णय अनुसार पोखरा महानगरपालिका वडा नं. १९ घोषित भई कार्यान्वियनमा रहेको छ । यस वडामा रहेको साविक लामाचौर गाविसमा गुराँसपानी, वेशीचोक, गायत्री, भुनपरे, अकला, प्रगति, गौतमथर, भण्डारी डहर, माझथर, सृर्जनशील, बगैंचा, शहरडहर, भक्तिपथ, खत्रीडहर, ढाड, फलाए फाट, चनौटे नाम गरेका टोल विकास संस्थाहरू छन् । जसमध्ये बेंशीचोक, गुराँसपानी, गायत्री, प्रगति, माझथर अन्य टोल भन्दा फरक पहाडी भुवनोटमा रहेका छन् । जुन क्षेत्रलाई समग्रमा घार्मी नामले चिनिन्छ । यस क्षेत्रमा बसोबास गर्न भन्दा पहिला घारी नै घारी भएको र पछि बस्ती बस्ने क्रममा घारी फाडी बस्ती बस्दै आएकोले सो क्षेत्रलाई घारी घारी भन्दा भन्दै अपभ्रंस भई घार्मी रहन गएको भन्ने पुरानो भनाई छ ।

यस क्षेत्रमा ब्राह्मण, कामी, तामाङ लगायतका जातजाति मानिसहरूको बसोबास रहेको छ । घार्मीको अधिकांश भू-भाग जंगलले ढाकेको छ भने बाँकी भाग खेती योग्य जमिनको रुपमा रहेको छ । यहाँका जनताको मुख्य पेशा कृषि भएतापनि घरको कुनै न कुनै सदस्य रोजगारीको लागि पोखरामा दैनिक आवतजावत गर्दछन् ।

## ४.२ उत्तरदाताको जनसांख्यिक विवरण

नेपाल विरुद्ध धर्मको बाहुल्यता भएको देश हो । नेपालका सबैजसो परिवार पुरुषको अधिनमा रहेका छन् । परिवारमा रहेको जमिनको स्वामित्व लगायतको सम्पत्ति प्राय पुरुषको नाममा

नै हुन्छ । पुरुषहरू प्रायः घरबाहिरको कार्यमा संलग्न वा वैदेशिक रोजगारीमा संलग्न हुन्छन् भने महिलाहरू घर गृहस्थीसँगै कृषि तथा पशुपालनमा संलग्न रहेका पाइन्छन् । यो कुरा नेपालका शहरी भूभाग र ग्रामिण भूभागमा फरक फरक पाइन्छ । शहरी क्षेत्रका महिला तथा पुरुष आफ्नो पेशामा आवद्ध देखिन्छन् भने ग्रामिण क्षेत्रका महिला पनि घरको कामको अलवा विभिन्न पेशा तथा व्यवसायमा संलग्न रहेको भेटिन्छन् । अध्ययन क्षेत्रमा अध्ययन गर्ने क्रममा महिलाको संलग्नता घरायसी कार्यमा बढी र व्यवसायिक पशुपालनमा सहयोगीको भूमिकामा अत्याधिक देखियो । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४.१ : उत्तरदाताको जनसाङ्ख्यिक विवरण

| विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| महिला | १७ | ४०.४८ |
| पुरुष | २५ | ५९.५२ |
| जम्मा | ४२ | १०० |

स्रोतः स्थलगत अध्ययन सर्वेक्षण २०७४ ।

तालिका अनुसार व्यवसायिक पशुपालनमा लागेका उत्तरदाताको संङ्ख्या महिला १७ जना अर्थात् ४०.४८! र पुरुष २५ जना अर्थात् ५९.५२! पाइयो जसमा पुरुषको सङ्ख्या बाहुल्यता रहेको छ ।

## ४.३ उत्तरदाताको उमेरगत विवरण

जनसङ्ख्या समाजको एक अभिन्न अंग हो । कुनै पनि ठाउँको तथा क्षेत्रको सामाजिक पक्ष आर्थिक पक्ष, धार्मिक पक्ष, राजनैतिक पक्ष, विकास निर्माण आदिमा प्रत्यक्ष भूमिका खेलेको हुन्छ । त्यसैले उमेरगत विवरण कुनैपनि अध्ययनको महत्वपूर्ण प्रयोग हो । यस अध्ययनमा पनि व्यक्तिको उमेरले उसले गर्ने श्रम, उसको व्यवसायप्रतिको, सोच निर्णय गर्ने क्षमता, आदिमा अहम भूमिका खेलेको पाइयो । व्यवसायिक रुपमा पशुपालनमा लागेका कृषकहरूलाई उमेरको आधारमा४ समूहमा विभाजन गरी तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२ : उमेरगत विवरण**

| उमेर | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| २५ भन्दा तल | ७ | १६.६६ |
| २५-३५ | १० | २३.८१ |
| ३५-४५ | १५ | ३५.७२ |
| ४५ भन्दा माथि | १० | २३.८१ |
| जम्मा | ४२ | १०० |

स्रोतः स्थलगत अध्ययन सर्वेक्षण, २०७४ ।

प्रस्तुत तालिकालाई अध्ययन गर्दा २५ वर्षभन्दा कम उमेरका व्यक्तिको संलग्नता व्यवसायिक पशूपालन १६.६६! २५-३५ वर्षसम्ममा संलग्नता २३.८१! ३५ देखि ४५ सम्मका मानिसको संलग्नता सबैभन्दा बढी ३५.७२! र ४५ वर्ष भन्दा माथिको संलग्नता २५ देखि ३५ वर्षमा बराबर २३.८१! पाइयो ।

## ४.४ शैक्षिक अवस्था

समाज विकासको लागि शिक्षा अति नै महत्वपूर्ण पक्ष हो । शिक्षा एउटा यस्तो शक्ति हो । जसले मानवलाई सही वा गलत छुट्याई सहि बाटोमा हिड्न र उचित निर्णय लिन सिकाउँदछ । शिक्षाको माध्यमबाट व्यक्तिमा अर्न्तरनिहित प्रतिभाको विकास भई समग्र समाज र राष्ट्रमा नै सकरात्मक परिवर्तन ल्याउन सकिन्छ । त्यसैले भनिन्छ शिक्षा समाज र राष्ट्र निर्माणको मेरुदण्ड हो । यहाँ व्यवसायिक पशुपालनमा लागेका उत्तरदाताको शैक्षिक स्तर कस्तो छ भनी छुट्याएर तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.३ : उत्तरदाताको शैक्षिक विवरण**

| उमेर | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| साधारण लेखपढ | १५ | ३५..७१ |
| माध्यमिक सम्म | १२ | २८.५८ |
| १०+२ | १० | २३.८१ |
| स्नातक वा माथि | ५ | ११.९० |
| जम्मा | ४२ | १०० |

स्रोतः स्थलगत अध्ययन सर्वेक्षण, २०७४ ।

प्रस्तुत तालिका प्रस्तुत भए अनुसार साधारण लेखपढ गर्न जान्ने साक्षरको संख्या १५ जना (३५.७१! ) पाइयो । साधारण लेखपढ बाहेक स्कूल तहको १० कक्षासम्म अध्ययन गरी पढाइ छाडेका जम्मा १२ जना पशुपालनमा लागेको त्यसैगरी १०+२ अध्ययन गरेका जम्मा १० जना २३.८१! र अन्त्यमा स्नातक तह माथिको अध्ययन गरका जम्मा ५ जन अर्थात् ११.६०! मात्र पाइयो । यसबाट के प्रष्ट हुन्छ भने अझै पनि व्यवसायिक पशुपालनमा माथिल्लो तहको शिक्षा लिएका जनशक्तिले कम अगालेको पाइयो । पशुपालनमा अझै पनि सामान्य शैक्षिक स्तर भएका मानिसको बाहुल्यता बढी पाइयो ।

## ४.५ पारिवारिक संरचना

परिवार निश्चित व्यक्तिहरू रहेको संरचना हो भने त्यही परिवारका सदस्यहरूको सामुहिक रुप समाज हो समाज निर्माणको लागि प्रत्येक परिवारको महत्वपूर्ण योगदान हुन्छ । समय र समाजको परिवर्तनसँग परिवारको संरचनामा पनि परिवर्तन हुँदै आएको छ । नेपालमा विद्यमान एकल र संयुक्त परिवारमा पनि समयक्रमसँगै परिवर्तन भएको पाइन्छ । परिवारको आकारले उत्पादनमा प्रभाव पार्दछ । किनकी हरेक कृषि कार्यमा श्रम धेरै गर्नुपर्छ । यसमाथि पनि नेपालका ग्रामिण क्षेत्रमा विभिन्न समस्याहरू हुने हुँदा बढी परिश्रम गर्नुपर्छ । जुन श्रम परिवारका सदस्यहरूको संख्यामा भर पर्दछ । त्यसैले पशुपालनमा परिवारका सदस्यको महत्वपूर्ण योगदान हुने भएकाले अध्ययनमा यस क्षेत्रमा रहेका व्यवसायिक पशुपालक कृषकको पारिवारिक संरचनाको तथ्यलाई प्रस्तुत गरिएको छ ।

**तालिका ४.४ : उत्तरदाताको पारिवारिक संरचना**

| उमेर | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| एकात्मक | १५ | ३५.७१ |
| संयुक्त | १२ | २८.५८ |
| जम्मा | ४२ | १०० |

स्रोतः स्थलगत अध्ययन सर्वेक्षण, २०७४ ।

माथिको तालिका अनुसार एकात्मक परिवारमा रही पशुपालन गरेका परिवार संख्या ३२ (७६.१९! ) र सयुक्त परिवारमा रही पशुपालन गर्ने जम्मा १० परिवार (२३.८१! ) रहेको पाइयो । यस तथ्यबाट एकल परिवारमा मात्र चाहने मानिसको संख्या संयुक्त परिवारको भन्दा उच्च पाइयो ।

## ४.६ गैर कृषि पेशामा सहभागिता

नेपालको परिप्रेक्षमा कृषि प्रमुख पेशा भएपनि नेपालका जनताले गर्दै आएको कृषि जीवन निर्वाहका लागि मात्र भएको पाइन्छ । जसले उसका परिवारका सम्पूर्ण आवश्यकता पूर्ति गर्न सक्देन र अन्य पेशालाई पनि अगालेको पाइन्छ । यहाँ व्यवसायिक रुपमा कृषि गर्दै आएका कृषकले वा उसका परिवारका अन्य सदस्यले पशुपालन बाहेक अन्य पेशा पनि अगालेको पाइन्छ । महत्वपूर्ण कुरा के छ भने कृषि अन्तर्गत पशुपालन र खेतीपाती एक अर्काको परिपुरक भएकाले व्यवसायिक रुपमा पशुपालनमा लागेका कृषकले यसको व्यवसाय तरकारी खेती र अन्य खेती पनि रोजेको पाइन्छ उत्तरदाताको कृषि बाहेक अन्य पेशालाई तलको तालिका चित्रमा देखाइएको छ ।

**तालिका ४.५: उत्तरदाताको कृषि बाहेक अन्य पेशामा संलग्नता**

| अन्य पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| भएको | १५ | ३५.७१ |
| नभएको | २७ | ६४.२९ |
| जम्मा | ४२ | १०० |

स्रोतः स्थलगत अध्ययन सर्वेक्षण, २०७४ ।

माथिको तालिकाबाट पशुपालन मात्र गरेका कृषकको संख्या जम्मा २७ जना (६४.२९! ) र अन्य पेशा पनि गरेका कृषक जम्मा १५ जना (३५.७१! ) पाइयो । पशुपालन बाहेक अन्य

पेशा पनि गरेको कृषकले अन्य कुन पेशा अगालेका छन त्यसलाई पनि तलको तालिकामा देखाइएको छ ।

तालिका ४.६ उत्तरदाताको पशुपालन बाहेक अन्य पेशामा पनि संलग्न

| अन्य पेशामा संलग्न | संख्या | प्रतिशत |
|---|---|---|
| तरकारी खेती | ८ | ५३.३३ |
| ज्यालादारी | ३ | २०.०० |
| बस सञ्चालन | १ | ६.६६ |
| स्वयंसेविका | १ | ६.६६ |
| रोजगारी | २ | १.३३ |
| जम्मा | १५ | १०० |

स्रोतः स्थलगत अध्ययन सर्वेक्षण, २०७४ ।

माथिको तालिका हेर्दा सबैभन्दा बढी मानिस पशुपालनको सँगसँगै व्यवसायिक तरकारी खेती पनि गर्ने गरेको पाइयो । जुन १५ जना मध्ये ८ जना अर्थात् ५३.३३! हो । अन्य बाँकी मध्ये ज्यालादारी गर्ने ३ जना बस किनेर तयसको आम्दानी लिने र स्वयंसेविधा १।१ जना र रोजगारीलाई समेत आफ्नो पेशा बनाएको २ जना व्यक्ति पाइयो ।

## ४.७ व्यवसायिक पशुपालनका प्रकार

पशुपालनलाई मानिसले व्यवसायिक रुपमा गर्दा त्यसलाई व्यक्तिगत रुपमा मात्रै वा एक भन्दा बढी व्यक्ति मिलेर गरेको पाइन्छ । अध्ययन क्षेत्रमा पशुपालन गरेको कृषकहरूले ३ प्रकारले गरेको पाइयो । जसलाई तालिकामा निम्न अनुसार प्रस्तुत गरिएको छ ।

तालिका ४.७ : पशुपालनका प्रकार

| प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| एकल | ३८ | ९०.४८ |
| संयुक्त | १ | २.३८ |
| संस्थागत | ३ | ७.१४ |
| जम्मा | ४२ | १०० |

स्रोतः स्थलगत अध्ययन सर्वेक्षण, २०७४ ।

यस क्षेत्रमा पशुपालनमा संलग्न कृषकहरू मध्ये अधिकांसले एकल रुपमा नै पशुपालन गरेको पाइयो । जुन संख्या ३८ जना (९०.४८!) छ दुई वा दुई भन्दा बढी कृषक मिली गरेको पशुपालन एउटा मात्र भेटियो । त्यसैगरी संस्थागत रुपमा पशुसम्बन्धी संख्या खोली सरकारी कार्यालयमा दर्ता गरेर ३ वटा पशुपालन संस्था दर्ता गरेको पाइयो । जुन संख्यामा ३ वटा र प्रतिशतमा ७.१४! छ ।

# अध्याय : पाँच

# अध्ययन क्षेत्रमा पशुजन्य उत्पादन र परिवर्तनको अवस्था

## ५.१ पशुपालनको व्यवसायीकरण

आजको युग व्यवसायको युग हो । आधुनिक गतिशिल समाजको एक अभिन्न अंग व्यवसाय हो । कुनैपनि समाजको प्रगति र समृद्धि त्यो समाजका मानिसले अवलम्बन गरेको पेशामा निर्भर गर्दछ । त्यसैले व्यवसायलाई दुई समुहमा बाड्न सकिन्छ । यी दुई मध्ये एक समुहमा जुन मानिसले प्रेम स्नेह मायाममता, सहानुभूति, मानवता आदि भावनाले प्रेरित भई व्यवसाय गरेको हुन्छ । त्यो व्यवसाय सफल मानिन्छ । अर्को व्यवसाय लाभ कमाउने इच्छाले मात्र प्रेरित भई गरेको हुन्छ । त्यस्तो व्यवसायमा हानी हुने सम्भावना पनि हुन्छ । नाफा नै व्यवसायिक सफलताको मापण्ड हो । र त्यही नै व्यवसायीको पुरस्कार पनि हो । व्यवसाय भनेको धनको पछि मात्र दौडनु होइन । व्यवसायको अस्तित्व जोगाइराख्नको लागि नाफामुखि व्यवसाय अपनाई वस्तु प्रदान गरी ग्राहकलाई सन्तुष्टि प्रदान गर्नुलाई नै व्यवसायिक व्यक्ति भन्न सकिन्छ । व्यवसाय गर्ने व्यवसायीको पहिलो उद्देश्य सेवा मुनाफा, र मानव श्रमको पूजा गर्नु हो । जुन व्यवसायीले समाजमा बसेर समाजको अन्तर विरोधि नभई त्यो समाजलाई आत्मनिर्भर बन्ने बनाउने दक्ष जनशक्ति निर्माण गर्ने र सबैको आँखाको नानी बनी समाजलाई उन्नति र प्रगतिको घेरामा घुम्न लगाउनुपर्दछ ।

परम्परागत रुपमा केही मात्र पशुपन्छी पालन गर्दै आएका यहाँका कृषकहरूले पशुपालनलाई व्यवसायिक रुपमा विस्तार गरेका छन् । वर्तमान स्मयमा पशुपालनमा उन्नत जातको प्रयोग र छिटो प्रतिफल प्राप्त गर्न सकिने बाटोमो कृषकको बढी चाख रहेको पाइन्छ । ग्रामिण भेगका किसानले रोजेको व्यवसाय मासुजन्य पदार्थको तुलनामा दुध जन्य उत्पादनमा बढी देखिन्छ । दुध तथा मासुबाट हामीले हाम्रो शरीरका लागि आवश्यक पोषण तत्वहरू प्राप्त गर्न सक्दछौ । जसको अभावमा हाम्रो शरीर कमजोर हुनका साथै विरामी हुने तथा कुपोषण हुने जस्ता समस्याहरू देखापर्दछन् । त्यसैले मानिस स्वस्थ रहनका लागि पनि हाम्रो खानामा आवश्यक मात्रामा दुध र मासुको प्रयोग गर्नुपर्दछ । दुध तथा मासुमा विभिन्न किसिमका भिटामिन तथा प्रोटिनहरू प्राप्त गर्न सकिन्छ । भन्ने ज्ञान नहुनु अर्थात् शिक्षाको कमीले गर्दा

पशुपालनले विगतमा व्यवसायिक रुप लिन सकेको थिएन । समयको परिवर्तन सँगै मानिसहरूमा आएको चेतनाले गर्दा पशुपालन एक व्यवसायको रुपमा विस्तार हुँदै आएको छ ।

## ५.२ पशुपालनमा लाग्ने प्रेरणा

समाज तथा परिवारका विविध क्षेत्रमा यस्ता व्यक्तिहरू हुन्छन् । जसको प्रेरणाले गर्दा व्यक्तिको लक्ष्य निर्धारण गरेको हुन्छ । कुनैपनि व्यवसाय सञ्चालन गर्नका लागि प्रेरणाको स्रोत पनि अति आवश्यक छ । अध्ययन क्षेत्रका पशुपालक कृषकहरू पनी पशुपालन व्यवसायमा लाग्ने प्रेरणा कहाँबाट पाउनु भयो भनि सोधिएको प्रश्नमा उत्तरदाता कृषकहरूले दिएको उत्तरलाई तलको तालिकामा देखाइएको छ ।

तालिका ५.१: पशुपालनमा भएका प्रेरणाका स्रोत

| प्रेरणाको स्रोत | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| स्वइच्छा | १० | २३.८१ |
| परिवार | ५ | ११.९० |
| साथीभाइ | ९ | २१.४३ |
| संघसंस्था | १५ | ३५.७५ |
| संचारमाध्यम | ३ | ७.१४ |
| जम्मा | ४२ | १०० |

स्रोतः स्थलगत अध्ययन सर्वेक्षण २०७४ ।

माथिका तालिका ५.१ अनुसार पशुपालनमा लाग्ने प्रेरणाको स्रोतहरूमा स्वइच्छाले तरकारी उत्पादनमा लाग्ने किसानको संख्या जम्मा १० जना अर्थात् २३.८१! परिवारको प्रेरणाबाट लाग्ने ५ जना १ अर्थात् ११.९०! साथीभाइको प्रेरणाबाट लाग्ने ९ जना अर्थात् २१४३! विभिन्न संघसंस्थाबाटको प्रेरणाबाट १५ जना अर्थात् ३५.६२! र सञ्चार माध्यमका कार्यक्रमकोप्रेरणाबाट ३ जना अर्थात् ७.१४! पाइयो । अध्ययन क्षेत्रका अधिकतम उत्तरदाताहरू यस क्षेत्रमा कार्यरत कृषिसँग सम्बन्धित गैर सरकारी संस्थाबाट दिइएको तालिम सचेतनामूलक कार्यक्रमबाट प्राप्त जानकारीहरू र प्रेरणाबाट नै व्यवसायिक

**पशुपालनमा लागेको पाइयो भने सबैभन्दा कम सञ्चार माध्यमको प्रेरणाले यस क्षेत्रमा लागेको पाइयो ।**

## ५.३ मासिक आम्दानी

**पोखरा महानगरपालिका वडा नं १९ घार्मिका कृषकहरूले व्यवसायिक रुपमा पशुपालन व्यवसाय गरेर आफ्नो खर्च साथमा आम्दानी गरेको देखिन्छ । उनीहरूले आफूले उत्पादन गरेको पदार्थ घरमा प्रयोग गर्ने र बेच विखन गर्ने गरेको पाइयो । उनीहरूको उत्पादनको मुख्य विक्री केन्द्र पोखरा लेखनाथ महानगरपालिका रहेको देखिन्छ । उत्तरदाताको मासिक आम्दानी कति छ भन्ने कुरा तलको तालिकामा देखाइएको छ ।**

**तालिका ५.२ उत्तरदाताको मासिक आम्दानी विवरण**

| आम्दानी विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| २०-२५ हजार | २२ | ५२.३९ |
| २५-४० हजार | १६ | ३८.०९ |
| ४०-६० हजार | १ | २.३८ |
| ६० हजार भन्दा माथि | ३ | ७.१४ |
| जम्मा | ४२ | १०० |

**स्रोतः स्थलगत अध्ययन सर्वेक्षण २०७४ ।**

**प्रस्तुत तालिका अनुसार व्यवसायिक रुपमा पशुपालन गरी आफ्नो जीवन निर्वाह गर्ने र थोरै बचत गर्ने कृषकहरूको संख्या यस क्षेत्रमा अत्याधिक पाइयो । जुन संख्यात्मक रुपले हेर्दा २२ जना (५२.३९! ) छ । त्यसैगरी मासिक २५-४० हजारसम्म आम्दानी गर्ने कृषक १६ जना अर्थात् ३८.०९! छ मासिक ४० हजार देखि ६० हजारसम्म आम्दानी गर्ने केषकको संख्या जम्मा १ जना (२.३८! ) छ भने ६० हजार भन्दा बढी आम्दानी गर्ने कृषक जम्मा ३ जना अर्थात् ७.१४! भएको पाइयो ।**

## ५.४ कृषकको खर्च र बचत

मानिसले कुनैपनि व्यवसाय अगालेपछि त्यसबाट प्राप्त आम्दानीको केही मात्र घरायसी खर्च गरी बाँकी बचत गर्ने गर्दन् । आम्दानीले व्यक्तिको जीवनमा ठूलो प्रभाव पारेको हुन्छ । उसको लवाई, खवाई, रहनसहन, व्यवहार, क्रियाकलाप, मान प्रतिष्ठा, आचरण जस्ता कुराहरू आम्दानीमा निर्भर रहेको हुन्छ । व्यक्तिले आफ्नो आवश्यकता र अवस्थाअनुसार आम्दानीलाई विभिन्न शीर्षकमा खर्च गर्दछ । अध्ययन क्षेत्र ग्रामीण क्षेत्र पनि हो । यहाँका कृषकहरू पशुपालन गरी त्यसको आम्दानीको लगानी मुख्य रुपमा घरायसी खर्चमा नै गरेको देखिन्छ । उनीहरूले गर्ने खर्च घर खर्च लगायत बालबच्चाको पढाई आफ्नो लागि खर्च पुन उत्पादनमा लगानी आदि क्षेत्रमा देखियो । अध्ययनमा मासिक २०,०००-६०,००० भन्दा माथि आम्दानी गर्ने पशुपालकहरू छन् जसले कुनै न कुनै रुपमा आम्दानी गरेको रकम बचत पनि गर्ने गरेका छन् । बचत प्राय गाउँको कृषि समुहमा देखिन्छ भने केहीले बैंक र सहकारीमा गरेको पाइयो ।

## ५.५ व्यवसायिक पशुपालन गर्ने तरिका

अध्ययन क्षेत्रमा करिब २० वर्ष अगाडि एक सिप्रेड नामक संस्थाले व्यवसायिक तरकारी खेतीका अवधारणामा ल्याएपछि किसानले त्यसका अलवा अन्य व्यवसाय रोज्ने क्रममा पशुपालन व्यवसायले यस क्षेत्रमा प्रवेश गरेको पाइन्छ । पहिलोको समयमा पशुपालनलाई एक जीवनयापनको लागि निर्वाहमुखी तरिकाले मात्र गरिएकोमा पहिलो समयमा कृषकहरू व्यवसायिक रुपमा नै पशुपालन गरी आफ्नो जीवनस्तर माथि उठाउन सफल भएको पाइन्छ । परमपरागत रुपमा पालिएका स्थानीय पशुको सरह उन्नत जातका पशु परम्परागत उपचार पद्धति र आधारको सट्टा आधुनिक पद्धति र पोषणयुक्त आहार आदिले पशुपालनको उत्पादनलाई वृद्धि गर्नुका साथै आम्दानीमा पनी ठूलोफड्को मारेको देखिन्छ । उत्तरदाताले कुन प्रकारको पशुपालन गरेका छन् सो तथ्य तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.३ उत्तरदाताको पशुपालन गर्ने प्रविधि**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| परम्परागत | ३ | ७.१५ |
| आधुनिक | ३९ | ९२.८५ |
| जम्मा | ४२ | १०० |

स्रोतः स्थलगत अध्ययन सर्वेक्षण, २०७४ ।

**सर्वेक्षण अनुसार परम्परागत रुपमा पशुपालन गर्ने कृषक न्यून ३ जना मात्र (७.१५! ) पाइयो । आधुनिक तरिकाले पशुपालन गर्ने कृषक ३९ जना अर्थात् ९२.८५! पाइयो । यसबाट के प्रष्ट हुन्छ भने आधुनिक प्रविधि प्रयोग गरी व्यवसाय गर्दा आम्दानी बढी हुने भएकाले धेरै कृषकले यसको उपयोग गरेको पाइयो ।**

**यस विषयमा अध्ययन क्षेत्रको मुख्य व्यवसायी ध्रुवराज पौडेलको धारणा यस्तो छः**

*मेरो नाम ध्रुवराज पौडेल हो । हाल म ४३ वर्षको भए मेरो घर पोखरा लेखनाथ महानगरपालिका वडा नं. १९ को घार्मी (साविक को लामाचौर गाविस वडा नं. ९) मा पर्दछ । मेरो परिवारमा म श्रीमती र ३ जना छोरीहरू छौ मैले एसएलसी पास गरेपछि सामान्य जागिर खादै प्रविणता प्रमाणपत्र तहको अध्ययन शुरु गरे घरायसी आर्थिक अवस्था कमजोर भएकाले मैले पढाईलाई भन्दा जागिरलाई बढी महत्व दिनुपर्ने भयो । जसले गर्दा मैले पढाईलाई बिचैमा छोडी जागिरतिरलागे । जागिरबाट पनि खासै आम्दानी भएन घरखर्च मात्र चलाउन पुग्यो । जसले गर्दा मैले विकल्पको रुपमा पशुपालन रोजे पशुपालन हाम्रो घरमा पुस्तौ देखि चल्दै आएको परम्परागत प्रणाली थियो । मैले यसमा सुधार गरी आधुनिक तरिकाले पशुपालन गरी यसलाई व्यवसायिकरण गर्ने निर्णय गरेर यस तर्फ लागे । शुरु शुरुमा यस पेशा गर्दा घाँसको दुःख हुने गदथ्यो । अहिले बारीमा प्रशस्त उन्नत जातको घाँस लगाएको छु । साथै डाले घाँस पनि प्रशस्त छ । साथै गाउँमा चोक्कर दानाको व्यवस्था भएकाले यस पेशा हाल मलाई सजिलो लागेको छ ।*

*म यस पेशामा लागेपछि मैले पशु सम्बन्धी तालिम पनि लिए जसले गर्दा मैले पशुलाई लगाउने सामान्य रोगहरूको उपचार गर्ने इन्जेक्सन लगाउन लगायतका सामान्य कामका लागि पशुचिकित्सिकलाई डाक्नु पर्दैन । यस तालिमले मलाई मात्र नभई यस क्षेत्रमा पशुपालनमा लागेका अन्य कसिानलाई पनि यसले ठूलो मद्दत पुर्‍याएको छ । यस क्षेत्रमा पशुपालक कृषक बढ्दै गएकोले हामीले यसका लागि चाहिने खोर दुध संकलन केन्द्र यस क्षेत्रमा नै खोलेका छौ भने मासुका लागि पालिएका विशेषगरी खसिबोका (वस्तु किन्न घरघरमा नै मानिस आउने गर्दछन् जसले गर्दा बजारको समस्या हामीलाई छैन केही कृषकले भने दुध सोझै पोखराको घर घरमा ठुक्कोको रुपमा पुर्‍याउने गर्दछन् । पशुपालनाट हामी लाई प्रशस्त मात्रामा मल प्राप्त हुने हुँदा मैले यसको मलाई उपयोग गर्नको लागि गोलभेडाको २ वटा ट्रनेल पनि बनाएको छु । जसबाट पनि राम्रो आम्दानी हुन्छ । अन्य*

*बाँकी रहेको मल आफ्नो खेत बारीमा हाल्छु जसले मेरा बाली नाली पनि राम्रा हुन्छन् र उत्पादन राम्रो दिन्छ ।*

*मेरो परिवारका सबै सदस्यले यस पेशामा मलाई सहयोग गर्दछन् । यसमा पूर्व सहयोग मेरी श्रीमतीको छ । छोरीहरू फुर्सदको समयमा हामीलाई सहयोग गर्दछन । म सामाजिक क्षेत्रमा पनि सक्रिय छु । म गाउँको बचत समुहमा आवद्ध छु । छोरीहरू पढ्ने विद्यालयको विद्यालय व्यवस्था पन समितिको अध्यक्ष पनि छु । गाउँका अन्य विकास निर्माणका कार्यमा म अग्रणी भूमिकामा रहेको छु । मलाई समाजमा यस पेशामा लागेर कसैले पनि नराम्रो दृष्टिले हेर्न सक्दैन बरु सामाजिक अघुवाको रुपमा अघि सार्ने गर्दछन् ।*

*मसँग हाल ३ वटा दुहुनु भैंसी छन् र ६ वटा बाखा छन् । ३ वटा भैसीको दुध बेचेर मैले मासिक ३०,०००/- रुपैयाँ कमाउँदछु भने बाखाबाट वार्षिक ८०,००० रुपैया कमाउँदछु । यसको अलवा गोडभेडाको टलेलबाट वार्षिक ५०,०००/- हजारको आम्दानी हुन्छ । जुन आम्दानीले मैले मेरो छोरीहरूको पढाई र घरायसी खर्च मा प्रयोग गरी बाँकी रुपैया बचत गर्ने गरेको छु । बातको केही रकम गाउँको समूहमा छ भने अन्य बैंकमा राख्ने गरेको छु । यसले मलाई आर्थिक रुपमा आत्मनिर्भरता बनाएको छ । भने तालिम लिएर साहस र धैर्यताका साथमा परिश्रम गरेपछि हरेक काममा सफल हुन सकिन्छ । भन्ने प्रेरणा पनि मिलेको छ । यसरी मेरो जीवनमा पशुपालनले सामाजिक तथा आर्थिक रुपमा ठूलो भूमिका खेलेको छ ।*

## ५.६ कृषकसँग भएका पशुपालनका प्रकार

**अध्यय गरिएको क्षेत्रमा पशुपक्षि व्यवसाय गरेका कृषकहरूले फरक फरक प्रकारका पशुपालन गरेको पाइयो । कुनै कृषकले एक थरी मात्र पशु पालेको देखियो भने केहीले दुई थरीका पशुपालेका छन् । अधिकांशले २ वा दुई भन्दा बढी प्रकारका पशुपालेका देखिन्छ । जसलाई तलको तालिकामा निम्नअनुसार प्रस्तुत गरिएको छ ।**

तालिका ५.४: कृषकसँग भएका पशुका प्रकार

| विवरण | जम्मा | प्रतिशत (! ) |
|---|---|---|
| भैसी मात्र पाल्ने, | १० | २३.८० |
| गाई मात्र पाल्ने | १३ | ३०.९६ |
| भैसी र बाखा पाल्ने | ५ | ११.९० |
| गाई र बाखा पाल्ने | ४ | ९.५३ |
| बाखा र कुखुरा पाल्ने | ३ | ७.१४ |
| भैसी र कुखुरा पाल्ने | ७ | १६.७६ |
| जम्मा | ४२ | १०० |

स्रोत: स्थलगत अध्ययन सर्वेक्षण २०७४ ।

प्रस्तुत तालिका हेर्दा एक मात्र पशुपालन गर्ने कृषक मध्ये सबैभन्दा धेरै गाई पाल्ने कृषक जम्मा १३ जना (३०.९६! ) देखिन्छ । त्यसैगरी दोस्रोमा भैंसीपालन गर्ने कृषक छन् । जसको सङ्ख्या १० जना (२३.८०! )छ , एक भन्दा बढी पशुपन्छी पालन गर्नेको संख्या हेर्दा भैंसीर बाखा पाल्ने ५ (११.९०! ) छ । गाई र बाखा पाल्ने ४ जना (९.५३! ), बाखा र कुखुरा पाल्ने ३ जना (७.१४! ) र भैसी र कुखुरा पाल्ने ७ जना (१६.६७! ) छन् । यस तथ्याङ्कलाई हेर्दा गाई र भैसी पाल्ने कृषक धेरै देखिन्छन् । भने यसको अलवा अन्य पशु व्यवसाय पनि रोज्ने कृषकहरू पनि छन् । जसमा उनीहरूले गाई भैसीको साथसाथै बाखा र कुखुरालाई रोजेको पाइन्छ । बाखा रोज्नुको कारण गाउँघरमा खेर जाने तर गाई भैसीले नखाने घास बाखाले खाने र गार्य भैसीका लागि प्रयोग गरिने आहारा बाखालाई पनि प्रयोग गर्न मिल्ने भएकाले यसलाई रोजेको पाइन्छ । कुखुरा रोज्ने कृषकले छिट्टै प्रतिफल पाइने र घरमा मासुखानको लागि गाई भैंसीको साथमा यसको पालन गरेको पाइयो ।

## ५.७ पशु आहार र प्रविधिको प्रयोग

अध्ययन क्षेत्रमा व्यवसायिक रुपमा पशुपालन गरेका कृषकहरूको कस्तो खालको पशु आहार र प्रविधिका प्रयोग गर्दछन् भनी हेरिएको छ । आजको समाज बढी मात्रामा नाफा आर्जन गर्न चाहन्छ । तसर्थ उत्पादनमा कस्तो किसिमको आहाराको प्रयोग भएको पालिएका

पशुहरू उन्नत जातका हुन कि होइनन्, औषधी उपचार कस्तो प्रविधि अपनायएको छ । लगायतका पक्षले ठूलो प्रभाव पार्दछ । जुन कुरा तलको तालिकामा देखाइएको छ ।

**तालिका ५.५: पशु आहारा र प्रविधिको प्रयोग**

| विवरण | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| आधुनिक मात्र | ७ | १६.६७ |
| परम्परागत मात्र | २ | ४.६७ |
| परम्परागत र आधुनिक दुवै | ३० | ७१.४३ |
| तालिमदाताको सिफारिस अनुसार | ३ | ७१४ |
| जम्मा | ४२ | १०० |

स्रोतः स्थलगत अध्ययन सर्वेक्षण २०७४ ।

प्रस्तुत तालिकामा हेर्दा परम्परागत रुपमा पशु आहार र प्रविधिको प्रयोग गर्ने सबैभन्दा कम २ जना मात्र ४.७६! देखिन्छ । जुन किसानको जमिन प्रशस्त छ । र अन्य बढी उत्पादन हुन्छ । उसले आहारा किन्नुको सट्टा घरकै अन्न खुवाउने गरेको देखिन्छ । त्यसैगरी आफ्नो घरमा अन्न बाली उत्पादन नहुनेले पूर्ण रुपमा दाना चोक्कर किनेर प्रयोग गर्ने गरेको देखिन्छ । जुन ७ जना (१६.६७! ) छन् । केही किसानहरू यस्ता छन् । जसको घरमा केही मात्रामा खेतीपाती गर्दछन् र त्यसबाट प्राप्त अन्न जनावरलाई आहाराको रुपमा खुवाउँदछन र नपुग चिज किनेर खुवाउछन् । यस्ता किसानले औषधी घरायसी रआधुनिक दुवै प्रयोग गरेको पाइयो । पशुपालन भने उन्नत जातको नै गरेको देखिन्छ । जुन तथ्याङ्क सबैभन्दा बढी ३० जना (७१.४३! ) छ । केही कृषकले भने आफूलाई तालिममा सिकाए अनुसारको पशु आहारा र प्रविधिको प्रयोग गरेको पाइयो जुन संख्यामा हेर्दा ३ जना (७.१४! ) छन् ।

## ५.८ तालिममा पहुँच

कुनैपनि कार्य शुरु गर्नुपूर्व सम्बन्धित कामको बारेमा ज्ञान तथा जानकारी हुन नितान्त आवश्यक देखिन्छ । विना योजना गरेका कार्यमा फलता प्राप्त गर्न कठिन पर्दछ । तसर्थ कुनै पनि योजना शुरु गर्नु पूर्व सम्बन्धित विषयको ज्ञान, सिप, तालिम प्रविधि आदिको बारेमा राम्रो व्यवस्था हुन । आवश्यक छ । कुनै पनि योजना सञ्चालन गर्न उक्त योजना

कसरी सञ्चालन गर्ने, कुन प्रविधिको प्रयोग गर्ने कहिले गर्ने जस्तो विभिन्न जानकारी प्रदान गर्नु नै तालिम हो । तालिम पश्चात आफ्नो योजनालाई सफलतापूर्वक अगाडि बढाउन सकिन्छ । समयको परिवर्तन अनुसार जुनसुकै कार्य राम्ररी सञ्चालन गर्नका लागि तालिमको आवश्यकता अपरिहार्य छ । पशुपालनमा नयाँ नयाँ प्रविधिको पशु प्रजनन पोषण युक्त आहार, आधुनिक उपचार पद्धति र प्रविधि आदिको उचित ज्ञानको लागि तालिमको महत्व छ । अध्ययन क्षेत्रका पशुपालक कृषकहरूले तालिम प्राप्त छन कि छैनन् भनी अध्ययन गरिएको छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५.६ : तालिम प्राप्त पशुपालक

| विवरण | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| तालिम प्राप्त | ३८ | ९०.४७ |
| तालिम नलिएका | ४ | ९.५३ |
| जम्मा | ४२ | १०० |

स्रोतः स्थलगत अध्ययन सर्वेक्षण २०७४ ।

अध्ययन गरिएको क्षेत्रका अधिकांश किसानले कुनै न कुनै खाले पशु सम्बन्धी तालिम लिएको देखिन्छ । जुन संख्या ३८ जना (९०.४७! ) पाइयो । तालिम नै नलिएका कृषक जम्मा ४ जना (९५३! ) मात्र छन् । यसबाट के देखिन्छ भने बेलाबेलामा विभिन्न संघ-संस्थाले दिएको तालिमबाट कृषकलाई लाभ हुने भएकोले उनीहरू मध्ये अधिकांशले तालिम लिएको देखिन्छ ।

# अध्याय : छ
# पशुपालनले कृषकमा पारेको प्रभाव

## ६.१ पशुपालनको व्यवसायीकरण

नेपाल जस्तो विकासोन्मुख मुलुकमा स्रोत र साधनको अभावमा धेरै कृषकहरू आधुनिक कृषिको मूल प्रवाहमा आउन नसकेको कुरा विभिन्न अध्ययन अनुसन्धानबाट समेत पुष्टि भैसकेको छ । हाल विभिन्न सञ्चार माध्यम र संघ संस्थाहरूको र कृषि तथा पशु सम्बन्धी कार्यालयहरूको सहयोगमा नेपालको पशुपालनले व्यवसायिक धार समातेको छ । परम्परागत रुपमा पशुपालन गरेका कृषकहरू आधुनिक रुपमा पशुपालन गरी यसको विस्तारमा अघि बढेको पाइन्छ । हाल आएर पशुपालनबाट उपलब्ध दुध, घ्यु, मासु, लगायतका वस्तु आफूले घरमा प्रयोग गर्नुको साथै बजार सम्म लागेर बेची आर्थिक लाभ धेरै किसानहरूले लिने गरेका छन् । जसले उनीहरूको पारिवारिक आर्थिक स्थिति राम्रो छ । भने सामाजिक रुपमा समेत उनीहरू प्रेरणाको स्रोत बन्ने गरेका छन् ।

## ६.२ पशुपालनको उद्देश्य

मानिसको जीवनमा जुनसुकै क्रियाकलाप पनि विना उद्देश्य हुँदैन तसर्थ गरेका क्रियाकलापहरू एउटा उद्देश्य लिएर नै गरिएको हुन्छ । पोखरा १९ घार्मीका पशुपालक कृषकले धेरै भन्दा धेरै आर्थिक फाइदा लिनको लागि  यस व्यवसायलाई अगालेको पाइन्छ । पशुपालन कृषकहरूले दीर्घकालीन सोचका साथ आफूलाई धेरै फाइदा लिनका लागि यो पेशा अपनाएको बताएका छन् । पशुपालनको मुख्य उद्देश्य यसबाट प्राप्त दुधजन्य पदार्थ विक्री गरी आम्दानी गर्नुको साथै घरायसी प्रयोग गर्ने पनि हो । त्यसैगरी मासुका लागि पालिएका बाख्राहरू बेचेर आम्दानी गर्नुका साथै प्रमुख चाडपर्वमा मासुको लागि आफ्ना उत्पादनलाई प्रयोग गर्न यसको कृषकहरूको मुख्य उद्देश्य देखिन्छ ।

## ६.३ पशुपालनले पारेको प्रभाव

पशुपालनमा लागेका कृषकले आफ्ना सबै क्षेत्रमा सकरात्मक प्रभाव पारेको कुरा बताउँछन् । पशुपालनमा पछि उनीहरू विभिन्न संघ संस्थाहरूमा आवद्ध भएको उक्त

संस्थाहरूबाट आर्थिक तथा प्राविधिक फाइदा लिएको संस्था देखिन्छ । पशुपालनमा नयाँ-नयाँ प्रविधिको प्रयोग कृषक भ्रमण तालिममा गोष्ठि छलफलमा सहभागी हुन थालेपछि कृषकमा ज्ञान र सीपको समेत विकास भएको देखिन्छ । कृषकहरू व्यवसायिक रुपमा पशुपालनमा लागेपछि उत्पादनले उनीहरूमा पारेको सामाजिक, आीर्थक र शैक्षिक प्रभावलाई उत्तरदाताबाट प्राप्त जानकारीको आधारमा तलको तालिकामा स्पष्ट पारिएको छ ।

**तालिका ६.१: कृषकहरूमा उत्पादनको प्रभाव**

| प्रभावका विषय | उत्तरदाताको संख्या | प्रतिशत! |
|---|---|---|
| सामाजिक पक्ष | ७ | १६.६७ |
| आर्थिक पक्ष | ३२ | ६७.१९ |
| शैक्षिक पक्ष | ३ | ७.१४ |
| जम्मा | ४२ | १०० |

स्रोतः स्थलगत अध्ययन सर्वेक्षण २०७४ ।

ग्रामिण क्षेत्रमा आम्दानीका स्रोत कम हुन्छन् । यहाँका कृषकले गर्ने प्रायः कामहरू कृषिसँग नै सम्बन्धित छन् । ग्रामिण क्षेत्रको विकास भन्नु नै कृषि क्षेत्रमा विकास हुनु हो । अध्ययन क्षेत्रका कृषकहरू पशु उत्पादनमा लागेर आर्थिक पक्षमा बढी सुधार भएको बताउँदछन् । माथिको तालिका अनुसार उत्पादनको प्रभाव सामाजिक पक्षमा ७ जना अर्थात् १६.६७! आर्थिक पक्षमा ३२ जना अर्थात् ७६.१९! र शैक्षिक पक्षमा ३ जना अर्थात् ७.१४ रहेको पाइयो । पशुपालनले आर्थिक पक्षमा नै सबैभन्दा बढी प्रभाव पारेको पाइयो । सबै भन्दा कम शैक्षिक पक्षमा प्रभाव पारेको पाइयो ।

## ६.४ उत्पादन पछि आएको परिवर्तन

पशुपालनपछि कृषकको विभिन्न क्षेत्रमा परिवर्तन आएको बताए ।केही समय अघि न्यून स्तरको जीवनशैली रहेका यहाँका मानिसहरूको परिचय अहिले आएर मध्यमस्तरको जीवनशीलै अपनाउन सफल भएको उनीहरू बताउँदछन् । पशुपालनबाट नियमित रुपमा आम्दानी हुन थालेपछि उनीहरूको जीवनस्तरमा सुधार आएको छ । वर्ष भरी नै उत्पादन

भैरहनाले उनीहरूको खाना र पोषणमा समेत परिवर्तन आएको छ। कृषकहरूका जीवनमा आएका परिवर्तनका पक्षहरूलाई तलको तालिकामा निम्न अनुसार प्रस्तुत गरिएको छ।

**तालिका ६.२: कृषकको जीवनमा आएका परिवर्तनका पक्षहरू**

| परिवर्तनका पक्षहरू | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| आर्थिक | २२ | ५२.३८ |
| समाजमा मानसम्मान | ३ | ७.१४ |
| आत्मनिर्भरता | १० | २३.८१ |
| शिक्षा र स्वास्थ्यमा सुधार | ४ | ९.५३ |
| चेतनाको विकास | ३ | ७.१४ |
| जम्मा | ४२ | १०० |

स्रोत: स्थलगत अध्ययन सर्वेक्षण २०७४।

प्रस्तुत तालिका अनुसार पशुपालनले उत्पादन कर्तामा के परिवर्तन आयो भन्ने प्रश्नको उत्तरमा आर्थिक प्रगति हुनेमा २२ जना अर्थात् ५२.३८! समाजमा मान, सम्मान भन्ने प्रश्नको उत्तरमा ३ जना अर्थात् ७.१४! आत्म निर्भरता भन्ने प्रश्नमा १० जना अर्थात् ७.१४! रहेको पाइयो।

## ६.५ संघ संस्थामा आवद्धता

मानिस एक सामाजिक प्राणी हो। वर्तमान समयमा कुनैपनि मानिस एक न एक संस्थामा आवद्ध नभई बसेको हुँदैन वर्तमान समयमा समयको परिवर्तन सँगै नेपालमा पनि विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरू खुलेका छन् ? र तिनका कार्यक्रमहरू गाउँ गाउँमा चलिरहेका छन्। त्यसका अलावा सरकारी तर्फबाट गरिने विकास निर्माणदेखि सम्पूर्ण कार्यहरू समेत स्थानीय उपभोक्ताको जिम्मामा दिने सरकारी प्रक्रियाले पनि मानिस त्यस प्रकारका कार्यमा संलग्न भएको पाइन्छ। विशेष गरी कृषि क्षेत्रमा संलग्न त्यसमा पनी पशुपालन संलग्न कृषकले समुह गठन गरी कार्य गरेमा सरकारी तर्फबाट सहुलियत ऋण अनुदान, तालिम, विभिन्न उपयोगी कृषि सामग्री लगायतका थुप्रै सहयोग प्राप्त हुने हुँदा पनि मानिसको संलग्नता संघसंस्था आदिमा बढी देखिने गरेको छ। अध्ययन क्षेत्रका

कृषकहरू पनि विभिन्न संघ संस्था, समुहमा केकति आवद्धता रहेको छ भनि अध्ययन गरिएको छ ।

**तालिका ६.३: संघ संस्थामा आवद्ध कृषकहरू**

| संस्थाको नाम | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| आमा समुहमा मात्र | ४ | ९.५२ |
| कृषक समुहमा मात्र | ३ | ७.१४ |
| गैरसरकारीॐसरकारी संस्थामा | ६ | १४.२९ |
| आमा समुह र गैरसरकारी संस्थामा | ६ | १४.२३ |
| कृषक समुह र गैरसरकारी संस्थामा | १५ | ३५.७२ |
| विकास निर्माणका समितिमा मात्र | ५ | ११.९० |
| जम्मा | ४२ | १०० |

स्रोतः स्थलगत अध्ययन सर्वेक्षण २०७४ ।

प्रस्तुत तालिका हेर्दा सबै भन्दा कम कृषक समुहमा मात्र आवद्ध भएका कृषक देखिन्छ । जसको संख्या ३ जना अर्थात् ७.१४ प्रतिशत छ । त्यसैगरी सबैभन्दा धेरै कृषक समुह र गैरसरकारी संस्थामा आवद्ध भएको पाइयो । जुनको संख्या १५ जना अर्थात् ३५.७२ प्रतिशत छ । त्यस्तै आमा समूहमा मात्रे संलग्न ४ जना अर्थात् ९.५२ प्रतिशत गैरसरकारीॐसरकारी संस्थामा मात्र संलगन ९ जना अर्थात् २१.४३ प्रतिशत आमा समुह र सरकारीॐगैरसरकारी संस्थामा आवद्ध ६ जना अर्थात् १४.२९ प्रतिशत र विकास निर्माणका समितिमा मात्र रहेको सख्या ५ जना अर्थात् ११.९० प्रतिशत छ । माथिको तथ्यान्न हेर्दा मानिसहरू प्रायः एक संस्थामा मात्र नभई एक भन्दा बढी नै संस्थामा आवद्ध रहेको पाइन्छ । यसरी हेर्दा कृषकको आर्थिक विकास साँगै सामाजिक क्षेत्रमा पनि उनीहरूको पहुँद्ध पुगेको स्पष्ट हुन्छ ।

## ६.६ पारिवारिक सम्बन्धमा आएको परिवर्तन

नेपाली समाज पितृसत्तात्मक समाज हो । अहिलेको एक्काइसौ युगमा पनि नेपाली परिवारमा महिलाको भन्दा पुरुषको स्थान उच्च छ । परिवारका हरेक कार्यहरूमा पुरुषहरूको निर्णय नै अन्तिम हुने गर्दछ पारिवारिक कार्यमा मात्र नभई सामाजिक क्षेत्रका कार्यमा पनि पुरुषहरूको

सहभागिता नै बढी हुन्छ हाल यस सम्बन्धी सोचको धेरै मात्रामा परिवर्तन भएको भए पनि ग्रामिण क्षेत्रमा यस खालको सोच अझै पनि विद्यमान नै छ । अध्ययनका क्रममा उत्पादन पछि परिवारमा तपाइको स्थान कस्तो छ भन्ने प्रश्नहरूमा धेरै जसो महिलाहरूले आफ्नो स्थान सम्मानजनक हुने गरेको बताए । पशुपालनमा घरका सबैले केही न केही सहयोग गर्ने गरेको र यसमा पनि महिलाको कार्य मुख्य रुपमा रहने गरेकाले उत्पादन र त्यसले दिने प्रतिफलमा महिलाको भूमिका मुख्य भएकाले पनि उनीहरूको स्थान परिवामार सशक्त रहेको देखिन्छ । उत्पादन पूर्व र पश्चात उनीहरूको पारिवारिक स्थान न्यूनबाट उच्च हुने गरेको पाइयो । उत्पादन नगर्दा खान लाउन समस्या हुने गरेको र व्यवसायिक उत्पादन पछि खान लाउन स्वास्थ्य उपचारमा कुनै समस्या नपरेकाले परिवारमा झगडा समेत नहुने गरेको पाइयो । आर्थिक पक्षमा त व्यवसायिक रुपमा पशुपालन गर्ने कृषकले केही न केही बचत समेत गर्ने गरेकाले आर्थिक रुपमा समेत उक्त परिवार बलियो रसन्तुष्टि रहेको पाइयो । यस सम्बन्धी पशुपालक कृषक कोपिला अधिकारीको धारणा यस्तो छ ।

*मेरो नाम कोपिला अधिकारी हो । मेरो परिवारमा ४ जना सदस्य छौं । १५ वर्ष अगाडको कुरा हो । मेरो घरमा परम्परागत रूपमा पालिदै आएको एउटा भैसी र गोरू थिए । खेतीपाति पनि प्रशस्त्र थिएन । खाना पुग्दैनथ्यो । त्यसैले श्रीमान्ले विदेश जाने निर्णय गर्नुभयो । र उहाँ विदेश जानुभयो । म भने घरको काम र छोराछोरीलाई समाल्ने काम गर्थे । विदेशमा जानुभएका श्रीमानको आम्दानी खासै राम्रो थिएन । उहाँले दु :ख गरेरै भए पनि केही रकम घरमा पढाउनु हुन्थ्यो । त्यसै क्रममा मैले घरको भैसी बेचेर उन्नत जातको भैसी पाल्न थाले । त्यसले ७ ॐ८ माना दुध दिन्थ्यो । सो दुध हामी ३ जना लाई बढी हुने भएकोले मैले ५ माना दुध बेच्न लैजान थाले । आम्दानी पनि हुन थाल्यो । एक बर्ष पछि मैले घरमा भएको गोरू बेचेर त्यसको सट्टामा अर्को उन्नत जातको भैसी थप गरे २ वटा भैसीलेदिएको दुध १३ॐ१४ माना मैले पोखराका घरघरमा ठेक्कामा बेच्न थाले जसबाट राम्रै आम्दानी हुन थाल्यो स ४ बर्ष पछि श्रीमान विदेशबाट फर्कनु भयो । हामी दुबैजनाले सल्लाह गऱ्यौ र उहाँ अब विदेश नजाने निष्कर्षमा पुग्नु भयो । हामी सग केही रकम जम्मा भैसकेको थियो । सो रकमले हामीले आधुनिक गोठ बनाउने र २ बटा भैसी थप्ने निर्णय गऱ्यौ । त्यपछि सो अनुरुप हाम्रो परिवार पूर्ण रूपमा व्यवसायिक भैसी पालनमा लाग्यो, जुन अहिलेसम्म पनि निरन्तर जारी छ । अहिले हामीसँग ५ वटा भैसी*

*छन् । जसमध्ये ४ वटाले दुध दिन्छन जम्मा ४० माना दुध प्रत्येक विहान मैले पोखराका घरघरमा ठेक्कामा लगेर बेच्ने गर्छु । एक मानाको ५० रूपैया मा दुध विक्रि हुन्छ । त्यसको अलावा ध्यु पनि उत्पादन गर्ने गरेका छौं जुन ध्यु दुध राख्ने परिवारले नै किन्ने गरेका छन् । ५ वटा भैंसीको मल पर्याप्त हुने भएकाले सोको उपयोग गरी २ वटा गोलभेडाका टनेल पनि बनाएका छौं । र अन्य तरकारी पनि उत्पादन गर्दछौं । जुन गोलभेडा र तरकारी दुध किन्ने ग्राहकहरूले नै किन्ने गर्नुहुन्छ । जसले गर्दा हामीलाई ध्यु र तरकारीको लागि अर्को बजार खोज्नु पर्दैन यसरी हामीले मासिक रूपमा सधैं खर्च कटाएर रू ४० हजार बचत हुन्छ । जुन केही कृषक समूह र अन्य पोखरामा रहेका बैंकमा जम्मा गर्ने गरेका छौं । जसले गर्दा पहिलाको तुलनामा अहिले खान, लगाउन, घुमफिर गर्न छोराछोरी पढाउन, गाउँघरमा अरु सरह हिडडुल गर्न एकदमै सजिलो भएको छ । घरकै ताजा दुध तथा तरकारी खान पाइएको छ । पहिलेको संघर्षरत दुःखी जीवन अहिले आनन्द र खुसीयालीमा वितिरहेको छ ।*

## ६.७ पशुपालनले आर्थिक क्षेत्रमा पारेको प्रभाव

मानवीय आवश्यकताका लागि आधारभूत आवश्यकतादेखी सम्पूर्ण विलासिताका सामग्रीहरूको उपयोगमा आर्थिक पक्ष नै एक सबल पक्षको रूपमा देखिएको छ । आर्थिक पक्ष मानवीय जीवनको अत्यन्तै महत्वपूर्ण र अनिवार्य साधन हो । अध्ययन क्षेत्रमा पनि उत्रदाता पशुपालनक कृषकहरू निर्वाहमूखी जीवनयापनबाट विभिन्न आवश्यकता परिपूर्तिको लागि व्यवसायिक रूपमा पशुपालनतर्फ प्रेरित भएको पाइयो । व्यवसायिक रूपमा लागेका व्यक्तिहरूले आफ्नो घरखर्ची शिक्षा, स्वास्थ्य लगायतका विभिन्न शीर्षकमा खर्च गरी रहेको रकम बचत गर्ने गरेका छन् । जुन तलको तालिकाबाट स्पष्ट पारिएको छ ।

**तालिका ६.४: पशुपालन व्यवसायले कृषकमा पारेको आर्थिक प्रभाव**

| विवरण | उत्तरदातासंख्या | प्रतिशत |
|---|---|---|
| घरखर्च, शिक्षा, स्वास्थ्य लगायतमा खर्च गर्ने | ११ | २६.१९ |
| केही रकम वचत गर्ने | २४ | ५७.१४ |
| घरजग्गा समेत जोडेका | ७ | १६.६७ |
| जम्मा | ४२ | १०० |

स्रोतः स्थलगत अध्ययन सर्वेक्षण २०७४ ।

प्रस्तुत तालिका हेर्दा कृषकले आफ्नो आम्दानी घरखर्च, शिक्षा, स्वास्थ्य लगायतका शीर्षकमा खर्च गर्ने गरेका जम्मा ११ जना अथार्त २६.१९ प्रतिशत रहेको देखिन्छ। सबैभन्दा बढी २४ जना अर्थात ५७.१४ प्रतिशतले  धेरै वा थोरै रकम घरखर्चका अलावा वचत गर्ने गरेको देखिन्छ। पशुपालनबाटै आर्थिक प्रगती गरी घरजग्गा समेत जोडेर व्यवस्थित भएका ७ जना व्यक्ति अध्ययन क्षेत्रमा रहेको देखिन्छ।

यसरी उपर्युक्त तालिकाबाट के स्पष्ट हुन्छ भने घरखर्च, बालबच्चाको पढाई, स्वास्थ उपचार, विलासिताका सामग्रीका खर्चदेखि लिएर वचत गर्ने तथा घरजग्गा जोडेको समेत पाइयो। आफूहरू आर्थिक रुपमा अघिल्ला वर्षहरूमा त्यति सबल नभएको तर व्यवसायिक पशुपालन शुद्ध गरेपछि आर्थिक पक्ष मजबुद बन्दै गएको पाइयो। यस क्षेत्रका पशुपालक उत्तरदाता श्री घनश्याम पौडेल यस्तो भन्नुहुन्छ।

*मेरो नाम घनश्याम पौडेल हो। हाल म एक इलेक्ट्रिकल्स व्यवसायमा संलग्न छु। यसको अलावा म लगायत मेरा अन्य ३ जना साथीहरू मिलेर हामीले एउटा पशुपालन फर्म दर्ता गरी यस व्यवसायलाई सुचारु गरेका छौं। जसमा शुरुमा ३० वटा बाखाबाट हाम्रो पशुपालको यात्रा सुरु भएको थियो। हामीले उन्नत जातका बाखा पालन गरेका छौं। त्यसको साथै १० वटा उन्नत जातका गाईहरूपनि यस फर्ममा पालिएको छ। आगामी वर्ष पछि हामी थप ४ वटा कुखुराका खोर बनाई ४,००० कुखुरा पाल्ने योजना बनाएका छौं। हामी चारै जना फरक-फरक क्षेत्रमा काम गरेका युवाहरू हौ। अघिल्लो वर्ष मेरो नेतृत्वमा दाजुभाई मिलीजुली कृषि तथा पशु फर्म दर्ता गरी सुरु गरेको यस व्यवसायले हामीलाई हाल मासिक रु.१,२०,००० को हाराहारीमा प्रतिफल दिइरहेको छ। हामीले यस व्यवसायमा हाल ३ जनालाई रोजगारी समेत दिएका छौं। विदेशमा गई अर्काको गुलामी गरी विभिन्न जोखिम मोलेर कार्य गर्नुभन्दा आफ्नै देशमा लगानी गरी आफूका साथसाथै अन्य साथीहरूलाई समेत रोजगारी दिने उद्देश्यले खोलिएको यस फर्मले आगामी दिनमा यस कार्यलाई विस्तार गरी लैजाने हाम्रो विचार छ।*

## ६.८ सामाजिक क्षेत्रमा पारेको प्रभाव

व्यवसायिक रुपमा पशुपालनमा लागेका मानिसहरूको सामाजिक प्रभाव अन्य रोजगारमा लागेका व्यक्ति सरह वा सो भन्दा पनि राम्रो पाइन्छ। पशुपालक कृषकहरूको संख्या विस्तारै

बढ्दै गएकाले एकलाई परेको समस्या अन्य व्यक्तिहरूले पनि छलफल गरी समस्या समाधान गर्न सफल हुन थालेको छ । दुध, मासु, पनिर, घ्यु लगायतका मानव जीवनका महत्वपूर्ण खाद्य पदार्थको माग अत्याधिक भएकाले यसको लागि बजारको समस्या खासै छैन । त्यसमा पनि पोखरा लेखनाथ जस्तो देशकै ठूलो महानगरपालिकामा यस क्षेत्रका व्यवसायीहरू रहेकाले अझ बढी सहज भएको छ । यस क्षेत्रका व्यवसायीहरूको समाजमा कस्तो प्रभाव छ भन्ने कुरा तलको तालिकामा प्रस्तुत गरिएकोछ ।

**तालिका ६.५: सामाजिक प्रभाव**

| विवरण | उत्तरदातासंख्या | प्रतिशत |
|---|---|---|
| सामाजिक प्रतिष्ठा | ११ | २६।२० |
| सामाजिक कार्यक्रममा सहभागी | १० | २३।८१ |
| तालिमको अवसर | ४ | ९।५२ |
| विभिन्न संघ संस्थामा आवद्धता | १४ | ३३।३३ |
| नेतृत्वकर्ताको भूमिका | ३ | ७.१४ |
| जम्मा | ४२ | १०० |

स्रोतः स्थलगत अध्ययन सर्वेक्षण २०७४ ।

व्यावसायिक रुपमा पशुपालनमा लागेपछि यस क्षेत्रमा रहेका मानिसको सामाजिक स्थिति पहिलाको तुलनामा सुदृढ देखिन्छ । आफ्नो सामाजिक प्रतिष्ठामा परिवर्तन आएको भन्ने ११ जना अर्थात् २६.२०!  छन् । त्यसैगरी सामाजिक कार्यक्रममा सहभागिता बढेकोमा १० जना अर्थात् २३.८१!  रहेका छन् । आर्थिक स्तर बढ्दै जादा विभिन्न संघसंस्थाले तालिमका कार्यक्रममा सहभागी गराउने गरेको जम्मा ४ जना अर्थात् ९.५२!  व्यक्तिहरू छन् । सबैभन्दा बढी १४ जना अर्थात् ३३.३३ प्रतिशत विभिन्न संघसंस्थामा आवद्ध भएका देखिन्छन् । मुख्य तथा नेतृत्वकर्ताकै रुपमा भने जम्मा ३ जना अर्थात् ७.१४ प्रतिशत मानिस रहेको यस तालिकाबाट प्रष्ट हुन्छ । यस विषयमा गाउँका पशुपालक कृषक तथा समाजसेवी डुण्डीराज पौडेलको धारणा यस्तो छ ।

*मेरो नाम ढुण्डीराज पौडेल हो । मेरो घरमा हाल म र श्रीमती मात्रै छौं । मेरा दुई छोरा मध्ये एक जना विदेशमा छन र अर्को पोखरामा व्यवसाय गरी बसेका छन् । एक छोरीको विवाहा भैसक्यो । मेरो जीवन पूर्ण रुपमा दुग्ध व्यवसाय मा नै वित्यो । मैले मेरो घरको सम्पूर्ण खर्च लगायत अन्य पक्षमा यसै व्यवसायबाट प्राप्त रकमले चलाउने गर्दथे । हाल मेरो उमेर र सहयोगी मानिसको कमीले यस व्यवसायलाई साघुरो बनाएको छ । पहिलाको जस्तो खर्च पनि छैन र आवश्यक पर्दा छोराहरूले सहयोग गर्दछन् । हाल मसँग २ वटा भैंसी छन् । जसको दुध मैले बेच्ने गरेको छु । म यस व्यवसायको साथसाथै गाउँका हरेक विकास निर्माणका कार्यत्रमा सहभागी हुन्छु । केही समितिमा अध्यक्षको रुपमा नै कार्यभार पनि समाल्ने गरेको छु । हाल म यसै गाउँको विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुँ । पशुपालनमा मेरो श्रीमतीले मलाई पूर्ण रुपमा सघाउने भएकाले मैले मेरो बाँकी समय अन्य क्षेत्रमा समेत दिन सक्छु । विभिन्न संघ संस्थाहरूले समेत मलाई विचार, गोष्ठी लगायत तालिममा समेत सहभागी गराउने गर्दछन् ।जसले गर्दा मेरो सामाजिक सक्रियतामा अझ बढी सहयोग मिल्ने गरेको छ । त्यसैले म यस व्यवसायबाट सन्तुष्टि छु ।*

## ६.९ पशुपालन सम्बन्धी नकरात्मक प्रभाव

पशुपालन गर्ने कृषकलाई अन्य पेशामा संलग्न व्यक्तिहरूले अझै पनि हेय दृष्टिले हेर्ने चलन विद्यमान छ । जब पशुपालक कृषक व्यवसायिक रुपमा लागेर आर्थिक तथा सामाजिक दुवै पक्षमा अरु भन्दा माथि वा उनीहरू सरह समाजमा स्थापित हुन्छन् । उनीहरूलाई नकरात्मक सोचले हेर्ने मानिसको हेराइमा परिवर्तन भई सम्मान गर्ने बानीको विकास भएको पाइन्छ । पशुपालनका अत्यन्तै धेरै सकरात्मक पक्षहरू रहेको कुरामा कुनै २ मत छैन यद्यपी यसका पनि केही मात्रामा नकारात्मक प्रभाव देखिन्छन् तर पनि ती सबै समाधान गर्न सकिने खालका हुन्छन् । अध्ययन क्षेत्रमा पशुपालन सम्बन्धी देखिएको केहि नकरात्मक पक्षहरूको बारेमा बुँदागत रुपमा तल चर्चा गरिएको छ ।

### ६.९.१ उत्पादन कम हुँदा पनी बेच्नुपर्ने प्रवृत्ति

यस क्षेत्रका धेरै जसो किसान दुग्ध व्यवसायमा सलग्न देखिन्छन् । उनीहरूले आफ्नो उत्पादन प्रायः पोखराका घर घरमा प्रत्येक विहान पुऱ्याउने गर्दछन् । गाई भैंसीको दुध सधैं एकनासले दिने गर्दैनन् । गाई भैंसी लैनो हुादा बढी दुध दिने र क्रमशः कम दिने हुँदै

जान्छन् । यस्तो अवसथमा आफूले ठेक्कामा लाने गरेको दुध कमी हुन्छ । कुनै बेला पशुहरू विरामी हुँदा वा एउटा बेचेर अर्को नल्याइन्जेल सम्म पनि दुधको अभाव हुन्छ । यस्तो बेलामा समेत आफ्ना ग्राहकलाई दुध पुऱ्याउनु पर्ने बाध्यता किसानको हुन्छ । जसले गर्दा आफूले घरमा खाने गरेको दुध समेत नखाई बेच्नुपर्ने बाध्यता हुन्छ । त्यसका साथै कुनै किसानले त पैसाको लोभले घरमा अत्यन्तै कम प्रयोग गरी बेच्ने पनि गर्दछन् । अझै दुध कम हुँदा पानी मिसाएर समेत बेच्न गरेको पाइन्छ । जुन पक्षलाई असल पशुपालकको नकरात्मक पक्षको रुपमा देखिन्छ ।

### ६.९.२ परम्परागत रुपमा बाँडेर खाने चलनको अभाव

अध्ययन क्षेत्र पोखरा लेखनाथ महानगरपालिका भए पनि यो ग्रामिण बस्ती हो । परापूर्वकाल देखि यस क्षेत्रमा बसोबास रहँदै आएको छ । जहाँ अझै पनि ऐचो पैचो र अर्मपर्मका आधारमा आफना् समस्याहरू समाधान गर्ने चलन रही आएको छ । जब यहाँका मानिस परम्परागत प्रणाली छोडी व्यावसायिक रुपमा पशुपालनमा लाग्न थाले उनीहरूले आर्थिक पक्षलाई बढी मान्यता दिने प्रवृत्ति बढ्न थाल्यो जसले गर्दा परम्परागत रुपमा छरछिमेकमा मोही, दुध घ्यू आदिको सापटीको रुपमा वा बाँडेर खाने चलन थियो । तयो चलन हाल नगन्य भैसकेको छ । थोरै समान भए पनि पैसा पर्छ भन्ने मान्यता समाजका मानिसहरूमा देखा परेको छ । जसको कारक मानवीय अन्तर सम्बन्ध र सामाजिकताको भावना, सामाजिक क्रियाकलाप र एकताको भावनामा कमी आएको पाइयो ।

### ६.९.३ पशु स्याहारमा नअपनाइएको सावधानी

पशुपालनको प्रमुख पष भनेको पशु स्याहार हो । यदि यस पक्षमा ध्यान पुऱ्याइएन भने हाम्रो स्वास्थ्य तथा पशुपंक्षीको मृतयु समेत हुने गर्दछ । विशेष गरी पशु विरामी हुँदा र बचाउने क्रममा यस पक्षलाई मुख्य सावधानीपूर्वक हेर्नुपर्दछ । यस समयमा पशुपंक्षीलाई अनेक खालको संक्रमण हुने गर्दछ । साथै पशुपालकले पनि आफ्नो स्वास्थयमा असर नपरोस् भनी आधुनिक सामग्रीहरूको प्रयोग गर्न संक्रमण फैलन नदिन औषधी छनें आदि कार्यहरू गर्नुपर्ने देखिन्छ । यहाँका पशुपालक मध्ये केही यी कुराहरूलाई अत्यन्तै गम्भीर रुपमा लिएर काम गरेको पाइन्छ भने केहीले आफूले जानेर पहिलादेखि गर्दैआएको पद्धति नै अनुसार गरेको पाइन्छ ।

### ६.९.४ रोग तथा परिजिवी नियन्त्रणमा समस्या

पशुहरूमा विभिन्न समयमा रोग तथा किटाणुहरूका समस्याहरू देखापर्दछन् । पशशुहरूलाई रोग कमै लाग्ने गर्दछ । तर कुनै बेला सरुवा रोगहरूको कारणले उपचारमा सावधानी नअपनाउँदा पशुहरूको मृत्यु समेत हुने गर्दछ । यस्तो अवस्थामा रोगबाट सर्तक भई किटनाषक विषादी छर्ने, रोग विरुद्धको खोप पशुपंन्छीलाई लगाउने आदि गर्नुपर्ने हुन्छ । पशुलाई विशेष गरी माटे, चुर्ना, नाङ्गले लगायतका किराहरूले समस्या दिने गर्दछन् । जसको लागि कुन किराहरू छन भनी गोवर जाँच गराइ त्यसको लागि औषधी किनेर पशुलाई खुवाउनु पर्दछ । अन्यथा पशुले दिने उत्पादनमा कमी आउने, पशु दुब्लाउने र कुनै अवसथमा भने पनि हुन सक्छ । अध्ययन क्षेत्रका किसानमा गरिएको अवलोकन तथा सोधपुछ बाट के थाहा हुन्छ भने सरुवा रोगको बारेमा उनीहरूले त्यति धेरै चासो नदिउको पाइयो । तर निमोनिया रोगको सम्बन्धमा उनीहरू निकै सचेत गरेको पाइयो । यस क्षेत्रका किसानमा अझै पनि पशुहरूको गोबर जचाएर मात्र किरा मार्ने औषधी प्रयोग गर्ने प्रवृत्ति कम देखियो । अधिकांश किसानले ६।६ महिनामा प्रतयेक पशुलाई माटो र जुकाको औषधी किनेर ल्याइ खुवाउने गरेको पाइन्छ । भने केही किसानले गोबर चेक गराइ पशु चिकितसकको सल्लाहमा मात्र यस्ता औषधी प्रयोग गरेको पाइयो ।

### ६.९.५ फोहोर व्यवस्थापन सम्बन्धी व्यवस्था

पशुहरूमा लाग्ने रोग तथा परजीविको नियन्त्रणमा फोहोर व्यवस्थापनको भूमिका मुख्य हुन्छ । पशुहरू तथा पशुपालकको स्वास्थ्य पशु उत्पादन आदिमा समेत फोहोरले प्रतयक्ष प्रभाव पारेको हुन्छ । व्यवस्थित गोठ स्वास्थय, खाद्य पदार्थ, आधुनिक मलखाद किटनासक विषादीको सही प्रयोग गरेमा मात्र लक्षित प्रतिफल पाउन सकिनछ । गोठ घरभन्दा केही टाढा घर घरबाट देख्न सकिने गरी बनाउनु पर्दछ । जसले उक्त गोठको गन्ध घरमा नआओस् साथै झिंगा तथा किराहरू समेत आउन नसकुन अध्ययन क्षेत्रमा धेरैले आधुनिक गोठ बनाएर व्यवसाय गरेको पाइन्छ । तर मलखाद भने सबैको गोठको नजिकै रहेको पाइयो । वस्तुलाई खुवाउने दाना तथा चोक्कर घरमै राख्ने गरेको पाइन्छ । भने घाँस राख्नको लागि ठोठकै छेउमा ठाउँ बनाएर राखेको देखिन्छ । गाई वस्तुको गोवर फाल्नको लागि गोबर तान्ने साधन सबैले प्रयोग गरेको पाइयो । साथै गाइ भैंसीको पिसाव एक ठाउँमा जम्मा हुने गरी खाडल तयारपारेको देखिन्छ । धेरै जसको गोठ घरको नजिक रहेको पाइयो । जसमा ५ जनाको गोठ मात्र घर भन्दा १० मिटर परदेखियो । भने अन्य सबैको घरको नजिक वा ५ मिटरको दुरीमा बनाएको देखिन्छ ।

# अध्याय : सात

# सारांश, निष्कर्ष एवम् सुझाव

## ७.१ सारांश

द्वव्यवसायिक पशुपालनको ग्रामिण क्षेत्रमा पारेको प्रभाव" भन्ने शीर्षकमा गरिएको यो अध्ययन पोखरा लेखनाथ महानगरपालिका वडा नं. १९ (साविकको लामाचोर गा.वि.स. वडा नं. ७ र ८) का पशुपालक कृषकहरूको आर्थिक, सामाजिक अवस्थाबारे परिचालन गर्ने, पशुपालने ग्रामिण कृषकको जीवनस्तरमा पारेको सकरात्मकसँगै नकरात्मक प्रभाव केलाउनु जस्ता उद्देश्यहरू प्राप्त गर्नको लागि गरिएको हो । यो अध्ययनमा वर्णनात्मक र अन्वेषणात्मक दुवै किसिमका ढाँचा प्रयोग गरिएको छ। सङ्ख्यात्मक र गुणात्मक किसिमका सूचनाहरूलाई आवश्यकता अनुसारप्रयोग गरी दुवै प्रकारका तथ्यहरू प्रयोगमा ल्याइएको छ। पोखरा १९ घार्मीमा बसोबास गरी व्यावसायिक रुपमा पशुपालनमा लागेका जम्मा ४२ उत्तरदालाई छनोट गरिएको छ । अध्ययनमा अर्न्तवार्ता, अनुसूची अवलोकन, वैयक्तिक अध्ययन विधिलाई तथ्याङ्क संकलनमा प्रयोग गरिएको छ । प्राप्त तथ्यान्नलाई तालिकामा प्रस्तुथ गरी संख्या र प्रतिशतमा छुट्याई वर्णनात्मक रविश्लेषणात्मक रुपमा व्याख्या गरिएको छ । पशुपालनका क्षेत्रमा केही नकरात्मक प्रभावहरू भएपनि व्यावसायिक रुपमा यसलाई अगालेपछि आम्दानीमा वृद्धि भईका कृषकको जीवनस्तरमा सुधार आएको र यस पेशालाई सम्मानित पेशाको रुपमा हेर्न थालिएको पाइन्छ । मुख्य रुपमा यस क्षेत्रका मानिसहरू व्यावसायिक पशुपालनतर्फ कसरी लागे, कस्तो आम्दानी गरेका छन् । यसबाट प्रापत आम्दानीले उनीहरूको सामाजिक, आर्थिक, पारिवारिक, शैक्षिक लगायतका पक्षहरूको कस्तो प्रभाव परेको छ भन्ने कुरालाई विभिन्न तथ्यान्न आधारमा तालिकीकरण गरी आवश्यकता अनुसार विश्लेषण गरी निष्कर्ष निकालिएको छ।

## मुख्य प्राप्तिहरू

यस अध्ययनमा देखिएका मुख्य प्राप्तिहरु यस प्रकार छन् ।

व्यावसायिक रुपमा पशुपालनमा लागेका अधिकांशले तालिम लिई आधुनिक तरिकाबाट यसलाई अपनाइएको पाइन्छ । पशुपालनमा लागेका उत्तरदाता सबै साक्षर पाइयो । अधिकांश उत्तरदाहरुको शैक्षिक स्तर एस.एल.सी.भन्दा माथि रहेको पाइन्छ । व्यावसायिक पशुपालनमा परम्परागत तरिकाले भन्दा आधुनिक तरिकाले पशुपालन गर्ने कृषकहरुको संख्या बढी पाइयो । त्यस्तैगरी व्यावसायिक पशुपालनमा लागेका कृषकहरुको सामाजिक प्रतिष्ठा बढ्ने, समाजमा अगुवा वर्गको रुपमा हेरिने, मानसम्मान प्राप्त गर्ने व्यक्तिको रुपमा हेरिएको पाइयो । अध्ययन क्षेत्रमा संलग्न उत्तरदाताहरु पुरुष भन्दा महिला कम रहेको पाइयो ।

यसरी पशुपालन व्यवासायको नकरात्मक पक्षबाट हेर्दा उत्पादनमा कम हुँदा पनि बेच्नु पर्ने प्रवृत्ति, परम्परागत रुपमा बाडेर खाने चलनको अभाव, रोग तथा परिजिवी नियन्त्रणमा नअपनाइनेको सावधानी, फोहोरको उचित व्यवस्थापन नहुनु जस्ता पक्षहरु देखिन्छन् । आधुनिकीकरण, शहरीकरणको बृद्धि विकास, बैदेशिक रोजगारबाट प्राप्त अनुभवहरु, व्यावसायिक सरलता, एवम् बजारको सुगमताले गर्दा व्यावसायिक पशुपालनमा सहभागीता बढ्दै गएको पाइयो ।

## ७.२ निष्कर्ष

देशकै ठूलो पोखरा लेखनाथ महानगरापलिकामा हरेको यस क्षेत्रमा उत्पादित वस्तुको बजारका लागि समस्या नभएकोले यस क्षेत्रका मानिसहरूलाई यस पेशामा लाग्न सहज भएको देखिन्छ । एक कृषकले गरेको सफलताले अन्य मानिसलाई समेत यस पेशामा लागन प्रेरणा मिल्ने गर्दछ । व्यवसायिक रुपमा पशुपालनमा लागेका अधिकांशले तालिम लिई आधुनिक तरिकाबाट यसलाई अपनाइएको पाइन्छ । पशुपालनमा लागेका मध्ये सबै साक्षर छन भने बाहुल्यता चाही शैक्षिक स्तर एस.एल.सी. भन्दा माथि रहेका मानिसको देखिन्छ । व्यावसायिक रुपमा पशुपालन गर्दा आम्दानी बढाउन सफल भएपछि पशुपालन पेशालाई एक सम्मानित पेशाको रुपमा हेर्न थालिएको छ । यसका सकरात्मक पक्षहरूमा बालबच्चा राम्रोसँग पढाउन सक्नु, घरखर्च चलाउन सहज हुनु, विलासिताका सामानहरू प्रयोग गर्न

सकेका, पशुपालन सम्बनधी तालिम लिई व्यवसायीमुखी उत्पादनप्रति उन्मुख भएका पाइयो ।

व्यवसायिक सफलतासँगै पशुपालक कृषकले समाजमा सामाजिक प्रतिष्ठा प्राप्त गरेका राम्रो आर्थिक उन्नतीसँगै घरजग्गा जोडेका, स्वास्थ्य सेवामा समेत आफू सक्षम रहेको भेटियो। आर्थिक सुधारताले कृषकको जीवनशैलीमा नै परिवर्तन भएको कुरा अध्ययनबाट पत्ता लागेको छ । आर्थिक सुधारसँगै उनीहरूमा बालबालिकालाई पढाउनुपर्दछ भन्ने धारणाको विकास भएको देखिन्छ । त्यसैगरी पशुपालन पछि भएको आर्थिक सुधारले आत्मनिर्भर बन्ने सक्षम कृषकहरूको संख्या अत्याधिक पाइयो ।

पशुपालन व्यवसायका धेरै सकरात्मक पक्षहरू हुँदा-हुँदै पनि केही नगण्ढ मात्रामा यसका नकरात्मक पक्षहरू पनि देखिएका छन् । अझै पनि पशुपालनमा लागेका कृषकलाई हेय दृष्टिकोणले हेर्ने, फोहोरी पेशाको रुपमा अपमान गर्ने गरिन्छ । सरसफाइमा ध्यान नदिदा पशु पन्छिका रोग सर्ने, परजीवीले आक्रमण गर्ने देखिन्छ । व्यावसायिक रुपमा पशुपालन गरी आम्दानी गर्ने कृषकमा बाडेर खाने प्रवृत्ति कम हुने, पेशाको लोभले गुणस्तरमा ध्यान नदिने जस्ता यसका नकरात्मक पक्षहरू देखिन्छन् ।

## ७.३ सुझावहरू

यस अध्ययन पश्चात् यस क्षेत्रको विस्तृत अध्ययन गर्दा अनुसन्धानकर्ताले यस क्षेत्रमा देखिएका निम्न समस्याहरुको पहिचान गरिएकोछ । जसका लागि पशुपालनमा लागेका कृषकहरुलाई नेपाल सरकार तथा त्यसमातहतका निकाय र अन्य संघसंस्थाले कृषकका लागि अपरिहार्य देखिएका पक्षहरु जस्तै नियमित तालिम दिने, सुलभ व्याजदरमा ऋण प्रदान गर्ने, सम्बन्धित क्षेत्रमा विज्ञ प्राविधिक खटाउने, पशुपालक कृषकहरु बीच अन्तरक्रिया कार्यक्रमहरु गर्ने, बढी प्रतिफल दिने प्रजातिको पशुपालनको लागि प्रोत्साहन गर्ने जस्ता कार्यहरु गर्नुपर्ने देखिन्छ ।

यसरी नै कृषकले आफु सफल कृषक बन्नका लागि आफ्नो पशुउत्पादनको गुणस्तरमा ध्यान दिने, सरसफाई तथा पशुपरजिवी नियन्त्रण गर्ने कार्यमा अनिवार्य रुपमा प्राविधिकको सरसल्लाह लिनुपर्ने हुन्छ । आगामी दिनमा व्यावसायिक पशुपालन सम्बन्धी शोध गर्न चाहने शोधकर्ताले माथि उल्लेखित सुझावहरुमा केन्द्रित रही शोधकार्य गरेमा कृषक तथा पशुव्यवसायसँग सम्बन्धित संस्थालाई यस सम्बन्धी नीति र कार्यक्रम बनाई लागु गर्न सहयोग मिल्नेछ ।

## सन्दर्भ सामाग्री


अधिकारी, राजेन्द्र (२००६), *व्यावसायिक तरकारी खेतीमा महिला : हेम्जा गा.वि.स.को अध्ययन,* अप्रकाशित शोधपत्र समाजशास्त्रॐमानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

अध्ययन प्रतिवेदन (आ.व.२०७१ॐ०७२) नेपाल सरकार, कृषि विकास मन्त्रालय, काठमाडौ ।

अर्याल, भोजेन्द्र (२०६८), *सामाजिक परिवर्तन र विकासको अध्ययन,* किर्तिपुर काठमाडौं : ज्ञानकुञ्ज प्रकाशन ।

*आर्थिक सर्वेक्षण (२०६४ॐ६५),* नेपाल सरकार अर्थ मन्त्रालय : आर्थिक संरक्षण ।

कालमार्क्स (१९७७), *कम्युनिष्ट पार्टीको घोषणापत्र,* मस्को : प्रगति प्रकाशन ।

*कृषि डायरी (२०६२),* ललितपुर, काठमाडौं : कृषि सूचना तथा संचार केन्द्र, ।

गुरुङ, शान्ती (२०६९), *तरकारी उत्पादनले कृषकमा पारेको प्रभाव,* अप्रकाशित शोधपत्र, समाजशास्त्रॐमानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

गौतम, टिकाराम (२०६०), *सामाजिक संस्था र प्रक्रियाको विश्लेषण,* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

जि.आर. मदन (१९९४), *विकासका समाजशास्त्र,* दिल्ली : विवेक प्रकाशन ।

नेपाल कृषि विकास रणनीति (२०१२), नेपाल सरकार, कृषि विकास मन्त्रालय, काठमाडौ ।

*नेपाल जनसङ्ख्या प्रतिवेदन (२०६०),* काठमाण्डौं : जनसङ्ख्या तथा वातावरण मन्त्रालय ।

प्रेमी, डा. केशवप्रसाद (२०७२), *पशुपंक्षीको व्यवसायिक विकास,* काठमाडौं : पशुपंक्षी विकास मन्त्रालय, पशुसेवा विभाग ।

बराल, चित्र कुमारी (२०७३), *तरकारी उत्पादनले ग्रामीण कृषकको जीवनशैलीमा पारेको प्रभाव : लाहाचोक गा.वि.स कास्की आधारित समाजशास्त्र अध्ययन,* अप्रकाशित शोधपत्र, समाजशास्त्रॐमानवशास्त्र विभाग, पृथ्वी नारायाण क्याम्पस, पोखरा ।

बोरोहा, हेमराज (२०१७), *पशुपालन व्यवसायमा नयाँ आयाम,* नेपाल सरकार, पशुपन्छि विकास मन्त्रालय ।

भट्टराई, तिलचन्द्र (२०७२), *पशुपंक्षीको व्यावसायिक विकास,* काठमाडौ : पशुपंक्षी विकास मन्त्रालय, पशु सेवा विभाग ।

**राई, राजकुमार र तिमिल्सिना, माधव प्रसाद (२०७०), *सामाजिक परिवर्तन र विकास अध्ययन,* त्रि.वि. किर्तिपुरः एकेडेमिक बुक सेन्टर ।**

**राष्ट्रिय जनगणना (२०६८), काठमाण्डौं : केन्द्रीय तथ्यान्न विभाग ।**

**शर्मा, डा.वंशी (२०७२), *पशुपंक्षी क्षेत्र आत्मनिर्भरताको बाटोमा,* काठमाडौं : नेपाल सरकार पशुपंक्षी विकास मन्त्रालय ।**

**सुवेदी, विष्णु (२०६५), *नेपालको राष्ट्रिय नीतिहरूको विश्लेषणात्मक संहिताकरण,* काठमाडौं : पैरवी प्रकाशन ।**

**पौडेल, सरिता (२०७३), *व्यावसायिक तरकारी खेतीले कृषकहरुको जीवनस्तरमा पारेको प्रभाव,* अप्रकाशित शोधपत्र, समाजशास्त्रॐमानवशास्त्र विभाग, पृथ्वीनारायाण क्याम्पस, पोखरा ।**

Agricultural Projects Services (1997). *Nepal Ma Krishi Bikas Ko SanShipta Itihas.* Kathmandu, Nepal.

Beldangi (2013). *Why livestock matters in Nepal.* Kathmandu : Veterinary Council.

Chapagain, D. P. (1995). *Livest, Harihar Bhawan, Lalitpur, perpesctive plan.* Kathmandu : Proc. of the second National Assciation Science Convention, Nepal Animal Science Association .

Ellis Frank (2014). *Household strategies and rural livelihood diversification.*University of SURRY.

Ministry of Agriculture (1999). *Statistical information on Nepalese Agriculture.* Singhdarbar, Kathmandu Nepal : HMG Nepal Ministry of Agriculture.

National Milk Marketing and Strategy Study (2001). *National Dairy Development Broad (NDDB).* Harihar Bhawan, Lalitpur : Danida Support Project.

Randal, Colince (1996). *Theoritical sociology.* India Jayapur.

Sarada, Andrea Matles (2016). *"Nepal and agro wasngitan GPO of the library of congress",* Retrieve on http://kantipur.ekantipur.com /News, Daily news 2016-12-11.

# अनुसूचि एक

# अन्तवार्ता प्रश्नावली सूचि

१. सामान्य परिचय

नामः ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड

पेशाः ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड

धर्मः ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड

जातउँजातिः ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड

शिक्षाः ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड

लिङ्गः ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड

उमेरः ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड

वैवाहिक स्थितिः ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड ड्ड

२. तपाइको घरको पारिवारिक संरचना कस्तो छ ?

(क) एकात्मक (ख) संयुक्त

३. तपाइको परिवारको मुख्य पेशा के हो ?

(क) कृषि (ख) जागिर

(ग) व्यापार (घ) अन्य

४. कृषि भए तपाइले कुन कृषि गर्नुहुन्छ ?

(क) तरकारी (ख) पशुपालन

(ग) कुखुरा (घ) अन्य

५. तपाइको घरमा भएका पशुपक्षीको विवरण कति छ ?

(क) भैंसी (ख) भेडा बाख्रा

(ग) गाई गोरु (घ) कुखुरा (ङ) अन्य ...

६. व्यावसायिक रुपमा तपाइले कुन पशुपालन रोज्नु भएको छ ?

.............................................................................................................

७. कृषि बाहेक तपाइको परिवारको अन्य पेशा के हो ?

.............................................................................................................

८. तपाईले पशुपालन व्यवसाय सुरु गर्नुभएको कति वर्ष भयो ?

.............................................................................................................

९. पशुपालनमा लाग्ने प्रेरणा कहाँबाट प्राप्त भयो ?

(क) स्वइच्छा (ख) साथीभाई (ग) परिवार

(घ) संघसंस्था (ङ) सञ्चार माध्यम

१०. तपाइको पशुपालन आफ्नो जग्गामा गर्नुभएको छ कि अन्य व्यक्तिको जग्गा लिएर गर्नुभएको छ ?

(क) आफ्नो (ख) अन्य

११. तपाईको शैक्षिक अवस्था कस्तो छ ?

(क) साधारण लेखपढ (ख) माध्यमिक सम्म

(ग) १०+२ (घ) स्नातक वा माथि

१२. तपाइले छोराछोरीलाई कस्तो स्कूल पढाउनु भएको छ ?

(क) सरकारी (ख) प्राइभेट

१३. तपाइले गरेको पशुपालन कस्तो प्रकारको पशुपालन हो ?

(क) एकल (ख) संयुक्त

(ग) संस्थागत

१४. तपाइले पशुपालन गर्नुको मुख्य उद्देश्य के हो ?

(क) आफ्नो प्रयोजनको लागि (ख) घर खर्च चलाउन

(ग) आर्थिक प्रगति गर्न (घ) सफल व्यवसायिक कृषक बन्न

१५. तपाइले यस व्यवसायबाट मासिक कति आम्दानी गर्नुहुन्छ ?

.............................................................................................................

१६. तपाइले आम्दानी केमा खर्च गनुहुन्छ ?

(क) घरखर्च (ख) बालबच्चाको पढाई

(ग) आफ्नो लागि खर्च (घ) पुनः उत्पादन

१७. तपाइले खर्च गरी बचेको रकम कहाँ राख्नुहुन्छ ?

(क) घरमै (ख) सहकारी

(ग) समुहमा (घ) बैंकमा

१८. तपाइले कस्तो तरिकाले पशुपालन गर्नुभएको छ ?

(क) परम्परागत (ख) आधुनिक

१९. पशुपालनलाई रोग तथा परजीविले कत्तिको दु:ख दिन्छ, ती के के हुन् ?

..................................................................................................

२०. पशुपंक्षीलाई कस्तो खालको आहारा प्रयोग गर्नुहुन्छ ?

(क) पराल (ख) घाँस (ग) दाना चोक्कर

(घ) घरको अन्य खाद्यान्न (ङ) माथिका सबै

२१. पशुपंक्षीलाई खुवाउने चिज किननुहुन्छ कि घरकै खुवाउनु हुन्छ ।

(क) घरको खुवाउँछु (ख) किनेर ल्याउँछु

(ग) घरको र किनेको दुवै खुवाउँछु ।

२२. तपाइले पशुपालन सम्बन्धी कुनै तालिम लिनुभएको छ ?

(क) छ (ख) छैन

२३. पशुपालने तपाइको जीवनका कुन-कुन पक्षमा प्रभाव पारेको छ ?

(क) आर्थिक (ख) सामाजिक

(ग) आत्मनिर्भर (घ) शिक्षा र स्वास्थ्यमा

(ङ) चेतनाको विकास

२४. तपाई कुन संस्थामा आवद्ध हुनुहुन्छ ?

(क) कृषक समुह (ख) आमा समुह

(ग) सरकारीÆगैरसरकारी संस्था (घ) सामाजिक विकास निर्माण समिति

२५. यस पेशाले तपाइको सामाजिक क्षेत्रमा के प्रभाव पारेको छ ।

(क) सामाजिक प्रतिष्ठा (ख) सामाजिक कार्यक्रममा सहभागी

(ग) तालिमको अवसर (घ) विभिन्न संघ संस्थामा आवद्धता

(ङ) नेतृत्वकर्ताको भूमिका

२६. तपाइको पशुलाई कुनै रोग लागेका आँफै समस्या समाधान गर्नुहुन्छ कि प्रविधिको सल्लाह लिनुहुन्छ ?

(क) आँफै (ख) प्रविधिकको सल्लाह

२७. यस व्यवसायले आर्थिक क्षेत्रमा कस्तो प्रभाव पारेको छ ?

(क) घरखर्च, शिक्षा, स्वास्थ्य लगायतमा खर्च गर्ने

(ख) केही रकम बचत गर्ने

(ग) घर जग्गा समेत जोडेका

२८. तपाई यस व्यवसायमा लागेपछि तपाईलाई छिमेकी र इष्टमित्रले हेर्ने दृष्टिकोणमा कस्तो परिवर्तन आएको छ ।

(क) सकरात्मक (ख) नकरात्मक

२९. यस व्यवसायमा के के समस्याहरू छन्?

..........................................................................................................

३०. ती समस्या समाधान कसरी गर्न सकिएला ?

..........................................................................................................

३१ पशुपंक्षीसँग सम्बन्धित निकायले यस क्षेत्रलाई अझै वृद्धि गर्न के के गरोस् भन्ने चाहनुहुन्छ ?

..........................................................................................................

३२. पशु व्यवसायले व्यक्तिगत तथा सामाजिक क्षेत्रमा पारेका नकरात्मक प्रभावहरू के के छन्?

..........................................................................................................

३३. यस व्यवसायमा लाग्न चाहने अरु मानिसलाई केही सल्लाह सुझाव दिन चाहनुहुन्छ ?

..........................................................................................................

३४. तपाईलाई भन्न मन लागेका कुराहरू केही छन् कि ?

..........................................................................................................

सहयोगको लागि धन्यवाद

## अनुसूचि दुई

# मुख्य जानकार व्यक्तिहरूसँग गरिएको छलफल सूची

- पशु तालिम सम्बन्धमा
- उत्पादित वस्तुको बजार सम्बन्धमा
- परजीवि नियन्त्रण सम्बन्धमा
- आधुनिक पशु व्यवसाय सम्बन्धमा
- कृषि समूह सम्बन्धमा
- घर खर्च वचत एवम् पुनः उत्पादन सम्बन्धमा
- व्यवसायीको शैक्षिक स्तर सम्बन्धमा
- पशुपालनमा लाग्ने प्रेरणाका सम्बन्धमा
- जमिनको सम्बन्धमा
- पशु आहारा सम्बन्धमा
- पशु प्रविधिको सम्बन्धमा
- व्यवसायीकिकरण सम्बन्धमा
- पशुपालन गर्ने तरिकामा
- पशुपालनले पारेका प्रभाव सम्बन्धमा
- उत्पदान पछिको परिवर्तन सम्बन्धमा


अनुसूचि तीन

# मुख्य सूचनादाताको नामावली

- ढुण्डीराज पौडेल - कृषक एवम् समाजसेवी
- ध्रुवराज पौडेल  - तालिम प्राप्त पशुपालक
- घनश्याम पौडेल - व्यवसायी तथा अध्यक्ष दाजुभाइ कृषि तथा पशु फर्म
- जुना वि.क.- पशु व्यवसायी
- सूर्य नेपाली - वडा सचिव
- कोपिला अधिकारी - सफल व्यवसायिक पशुपालक
- खेमराज पौडेल - अगुवा कृषक
- शोभा सुनार - महिला कृषक

# अनुसूचि चार


## अध्ययन क्षेत्रको नक्सा




अध्ययन क्षेत्र

# अनुसूचि पाँच

# अध्ययन क्षेत्रमा लिइएका केही तस्वीरहरू



बाखापालन व्यवसाय निरीक्षण गर्दै शोधकर्ता ।



भैसीपालन व्यवसायीसँग अन्तर्वार्ता लिदै शोधकर्ता ।



**अध्ययन क्षेत्रमा व्यावसायिक रुपमा पालिएका भैंसीहरु ।**



**मुख्य जानकार व्यक्तिसँग छलफल गर्दै ।**